

# बालश्रम निवारणमा राजनीतिक नेतृत्व

## गोजी पुस्तिका

स्वतन्त्रता अभियान

GLOBAL MARCH
Against Child Labour
Contra el Trabajo Infantil
Contre le Travail des Enfants

for a larger freedom
स्वतन्त्रता अभियान
SWATANTRATA ABHIYAN



# बालश्रम निवारणमा राजनीतिक नेतृत्व

## गोजी पुस्तिका

स्वतन्त्रता अभियान

# १. बालश्रम

## १.१. बालश्रम

सामान्यतया बालबालिकाहरूलाई उनीहरूको शारीरिक, मानसिक, सामाजिक वा शैक्षिक विकासमा नकारात्मक असर पर्ने गरी कुनै पनि बस्तु उत्पादन तथा वितरण वा सेवाको काममा संलग्न गराउनु बालश्रम हो। अन्तर्राष्ट्रिय श्रम संगठन (२०२२) को तथ्याङ्क अनुसार विश्वभर करिब १ करोड ६० लाख बालबालिकाहरू श्रममा संलग्न छन्। नेपालमा पनि केन्द्रीय तथ्याङ्क विभाग (हाल राष्ट्रिय तथ्याङ्क कार्यालयले प्रकाशन गरेका बालश्रम प्रतिवेदन (२०२१) अनुसार करिब ११ लाख बालबालिकाहरू श्रममा संलग्न रहेका छन्। लैंगिक दृष्टिले बालश्रममा बालक, बालिका, पारलैंगिक बालबालिकाहरू संलग्न रहेको पाइए पनि समाजमा विद्यमान लैङ्गिक असमानताहरूका कारण घरायसी र बेतलबी कामहरूमा बालिकाहरू बढी संलग्न रहेको, तलबी र घरबाहिरका कामहरूमा बालकहरू बढी संलग्न रहेको पाइन्छ।

बालबालिकाहरूले गर्ने सबै कामहरू बालश्रमको रूपमा लिन सकिदैन। बालश्रमको परिभाषा, नियमन र राज्यको दायित्वको सम्बन्धमा मुख्य रूपमा अन्तर्राष्ट्रिय श्रम संगठनका 'बाध्यकारी श्रम सम्बन्धी महासन्धि नं. २९', 'श्रममा प्रवेश गर्ने न्यूनतम उमेर सम्बन्धी महासन्धि १३८', 'निकृष्ट प्रकारको बालश्रम निवारण सम्बन्धी महासन्धि १८२' बढी सान्दर्भिक रहेका छन्। संयुक्त राष्ट्र संघको 'बाल अधिकार सम्बन्धी महासन्धि १९८९' ले पनि महासन्धिका पक्ष राष्ट्रहरूले बालश्रम तथा बालबालिकाको शोषण रोक्न राज्यबाट उपयुक्त संरक्षण र कानुनी व्यवस्था गर्नुपर्ने दायित्व सृजना गरेको छ। सामान्यतया बालबालिकाले

आफ्नै घरमा आफ्नो नियमित विद्यालय शिक्षालाई नकारात्मक असर नपर्ने गरी तथा स्वास्थ्य जोखिमता नहुने गरी परिवारमा सहयोगका दृष्टिले घरायसी काम, घरको कृषि, पशु-पन्छीको हेरचाह गर्ने कामलाई बालश्रम मानिदैन ।

बालश्रमलाई सहज रूपमा पहिचान गर्न काम गर्ने समयको मापनलाई आधार मान्ने गरेको पनि पाइन्छ । यस सन्दर्भमा संयुक्त राष्ट्र संघका सदस्य राष्ट्रहरूले स्वीकार गरेको 'बालबालिकाको कामको मापन सम्बन्धी सङ्कल्प' (सन् २००८ डिसेम्बर) ले १२ देखि १४ वर्षका बालबालिकाको लागि प्रति हप्ता १४ घण्टा वा सो भन्दा कम समय आर्थिक गतिविधिहरूमा संलग्न हुनुलाई बालश्रम मानेको देखिदैन, तर त्यसभन्दा बढी समय आर्थिक गणना हुने कार्यहरूमा हुने बालबालिकाको संलग्नतालाई बालश्रम मानिएको छ । बालश्रमका लागि युनिसेफले निम्न मानक सूचकहरू तय गरेको छ :

- ६ देखि ११ वर्षको उमेर सम्म : कम्तीमा १ घण्टा आर्थिक काम वा प्रति हप्ता २१ घण्टा बेतलबी घरेलु सेवाहरू ।
- १२ देखि १४ वर्षको उमेर सम्म : कम्तिमा १४ घण्टा आर्थिक काम वा प्रति हप्ता २१ घण्टा बेतलबी घरेलु सेवाहरू ।
- १५ देखि १७ वर्षको उमेर सम्म : प्रति हप्ता कम्तीमा ४३ घण्टा आर्थिक काम ।

समग्रमा तलको तालिकाले बालश्रम के हो र के होइन भन्ने स्पष्ट हुन सहयोग पुग्दछ :

| **बालश्रम के हो ?** | **बालश्रम के होइन ?** |
|---|---|
| • बाल बालिकाहरूलाई मानसिक, शारीरिक, सामाजिक, वा नैतिक रूपमा हानि पुऱ्याउने प्रकारको कामहरूमा संलग्न गराउनु ।<br><br>• नियमित स्कुल जाने अवसरबाट वञ्चित गर्दै बालबालिको शिक्षामा असर पर्ने गरी काममा लगाउनु ।<br><br>• अक्सर लामो समयको काम, कम ज्याला पाउने, हानिकारक अवस्थामा सामेल हुनुपर्ने शोषणयुक्त काममा लगाउनु ।<br><br>• बालबालिकाहरूको सामान्य शारीरिक र मानसिक विकासमा रोकावट सिर्जना गर्ने काममा लगाउनु ।<br><br>• राष्ट्रिय कानुन र बालश्रमका अन्तर र्राष्ट्रिय मानकहरूलाई उल्लंघन गरेका काममा लगाउनु । | • बालबालिकाको स्वास्थ्य, शिक्षा वा सम्पूर्ण विकासमा असर नपर्ने गरी हलुका वा उमेर अनुसारको कामहरूमा लगाउनु ।<br><br>• बालबालिकाको सीप वा सिकाइ र भविष्यका अवसरलाई अगाडि बढाउने वैध व्यावसायिक वा प्रशिक्षणमूलक कार्यक्रमको हिस्सा हुने कामहरू ।<br><br>• घरायसी वा परिवारबाट सञ्चालित व्यवसाय जसमा श्रमिकका रूपमा नभएर बालबालिकाको शिक्षामा हानि नहुने गरी गरेको काम ।<br><br>• राष्ट्रिय कानुन र अन्तर्राष्ट्रिय मानकहरूले सीमाभित्र गरेको काम जसमा उचित सुरक्षा, र उमेरअनुसारको कामहरू । |

## १.२. नेपालमा बालश्रम

बालश्रम नेपाली समाजमा एक गम्भीर समस्या हो, जसले बालबालिकालाई उनीहरूको बालापन, भविष्यका सम्भावना र आत्मसम्मानका साथ जीवन जिउने अवसरलाई नकारात्मक असर गर्दछ । बालबालिकालाई नियमित स्कुल जाने अवसरबाट वञ्चित गर्नुका साथै उनीहरूको मानसिक, शारीरिक, सामाजिक वा आधार भूत तथा नैतिक विकासलाई पनि प्रभावित बनाउँछ । नेपालको संविधान, अन्तर्राष्ट्रिय सम्झौताहरू, राष्ट्रिय/स्थानीय कानुन र नीतिनियम अनुसार, बालश्रमलाई अवैध मानिएको छ । बालश्रमले बालबालिकाहरूको हक अधिकार र सुरक्षाको हनन गर्ने हुँदा सामाजिक समानता, शिक्षा र सुरक्षाप्रति संवेदनशील हुँदै नेपाल सरकारले बालश्रम निवारणका लागि विशेष योजनाहरू बनाएको छ । नीति तथा योजनाहरूले बालबालिकाहरूलाई शिक्षा, सुरक्षा र मानव अधिकारको सुरक्षा गराएको छ, जसले तिनीहरूलाई सुरक्षित रूपमा पनि काम गर्ने अधिकार प्रदान गर्दछ ।

नेपालको सन्दर्भमा बालश्रमको स्पष्ट रूपमा कानुनी परिभाषा नभए पनि, राष्ट्रिय तथ्याङ्क कार्यालयले बालश्रम प्रतिवेदन २०२१ को सन्दर्भमा गरेको परिभाषा निम्न रहेको छ :

### रोजगारीमा रहेका बालबालिका

- राष्ट्रिय आर्थिक गणना प्रणालीले स्वीकार गरेका पेशा, कार्य वा व्यवसायमा
- साप्ताहिक रूपमा न्यूनतम एक घण्टा वा सो भन्दा बढी समय काम गर्नु

- राष्ट्रिय आर्थिक गणनाका क्षेत्रका काममा संलग्न भएका सबैखाले बालश्रमिकहरू
- राष्ट्रिय आर्थिक गणनाका क्षेत्रका हल्का काम गरिरहेका बालबालिकाहरू
- निकृष्ट वा जोखिमपूर्ण बालश्रमका क्षेत्रबाहेक अन्य श्रम क्षेत्रमा संलग्न कानुनसम्मत श्रम गर्न योग्य उमेरका बालबालिका पर्दछन् ।
- नेपालमा २० लाख ७३ हजार ९५१ (२९.३ प्रतिशत) ५ देखि १७ वर्ष उमेर समूहका बालबालिका रोजगारीमा रहेका छन् ।

## स्वीकार्यस्तरको बाल काम

- १४ वर्ष पुरा गरेका र १८ वर्ष भन्दा कम उमेरका व्यक्तिहरू निम्न शर्तमा श्रममा संलग्न रहेका
- बालबालिका संलग्न रहेको कामको क्षेत्र र कार्यअवस्था जोखिमपूर्ण वा निकृष्ट बालश्रमको परिभाषाभित्र पर्दैनन् भने,
- बालबालिकाहरू संलग्न कार्यमा कुनै पनि किसिमको जोखिम, खतरा तथा शोषणमूलक अभ्यासहरू रहेका छैनन् भने,
- बालबालिकाहरूले गर्ने कार्यमा वयस्कहरूले सहयोग, निरन्तर सुपरीवेक्षण र सिकाउने गरेका छन् भने,
- कार्यस्थल पूर्णरूपमा सुरक्षित रहेको तथा बालमैत्री र बाल सुरक्षाका विशेष व्यवस्था गरिएको छ भने,
- बालबालिकालाई पर्याप्त, उपयुक्त प्रशिक्षण, तालिम र आवश्यक जानकारीहरू दिएर मात्र काममा लगाइएको छ भने,

- बालबालिकालाई सीमित समय मात्र श्रममा संलग्न गराइएको छ भने,
- बालबालिकाको लागि तोकिएको काममा सहजता छ भने
- बालबालिकाले कामकै कारण आफ्नो विद्यालय छोड्नु पर्दैन, विद्यालय समय पूर्णरूपमा पढ्न पाउँछन् भने,
- बालबालिकालाई प्राविधिक सीप तथा शिक्षा सिकाउने उद्देश्यले निश्चित पाठ्यक्रममा आधारित भई कार्यस्थलमा शिकारु, तालिमी सहभागीको रूपमा संलग्न गराइएको छ भने,
- बालबालिकाको मानसिक, शारीरिक स्वास्थ्यका दृष्टिले सुरक्षित र जोखिमरहित छ भने
- माथि उल्लेखित संख्यामध्ये, ९ लाख ९२ हजार ४३९ बालबालिका स्वीकार्यस्तरको बालकाममा रहेका छन् ।

**बालश्रम**

- प्रचलित कानुनले तोकेभन्दा कम उमेरका अर्थात १४ वर्ष भन्दा कम उमेरका बालबालिकालाई साप्ताहिक एक घण्टा वा सो भन्दा बढी आर्थिक गणना हुने काममा संलग्न गराउनु ।
- जुनसुकै उमेरका बालबालिकाको बालापन, उनीहरूको व्यक्तित्व विकासको अवसरहरू तथा मर्यादालाई आघात पुग्ने गरी काममा लगाउनु ।
- जुनसुकै उमेरका बालबालिकालाई मानसिक, शारीरिक, नैतिक हानी हुन सक्ने जोखिमपूर्ण परिवेशमा काममा लगाउनु ।

- जुनसुकै उमेरका बालबालिकालाई उनीहरूको शैक्षिक अवसरबाट वञ्चित गरी काममा लगाउनु
- जुनसुकै उमेरका बालबालिकालाई प्रचलित कानुनले तोकेको मापदण्ड भन्दा बढी समय र फरक समयमा, तोकेको भन्दा बढी काम लगाउनु तथा मापदण्ड पुरा नगरी काममा लगाउनु ।
- माथि उल्लेखित मध्ये १० लाख ६७ हजार २६३ (१५.१ प्रतिशत) बालबालिकाहरू श्रममा संलग्न छन् ।

## निकृष्ट तथा जोखिमपूर्ण बालश्रम

### कार्य क्षेत्र वा पेशाको आधारमा

- बालबालिकालाई शारीरिक, मानसिक, यौन दुर्व्यवहार तथा हिंसा हुन सक्ने परिवेश
- कानुनी रूपमा निषेधित सेवा, बस्तु उत्पादन र प्रदान गर्नपर्ने

### कार्यअवस्थाको आधारमा

- जमिनमुनि, पानीमुनि, अत्यधिक उचाइ वा बन्द क्षेत्रभित्र काम गर्नपर्ने अवस्था
- जोखिमपूर्ण मेसिनहरू सञ्चालन गर्न पर्ने, गह्रौं भारी बोक्न पर्ने
- अत्यधिक ध्वनि, प्रदूषण, ताप वा चिसो पना, कम्पन जस्ता जोखिमपूर्ण वातावरण
- रातमा, लामो कार्यघण्टा काम गर्न पर्ने
- परिवार, संरक्षक वा भरपर्दोबाट आवासीय रूपमा नै अलग भई काम गर्नपर्ने

**‘बालश्रम निषेध र नियमित गर्ने ऐन २०५६’ को अनुसूचीमा उल्लेखित क्षेत्र तथा अवस्था**

- माथि उल्लेखितमध्ये २ लाख २२ हजार ४९३ (३.२ प्रतिशत) बालश्रमिकहरू निकृष्ट तथा जोखिमपूर्ण श्रममा संलग्न छन् ।

**नेपाल सरकारको ‘बालश्रम निवारण गुरु योजना** (२०७५ देखि २०८५)’ **ले निम्न बालश्रमका क्षेत्रलाई प्राथमिकताका क्षेत्रको रूपमा पहिचान गरेको छ** : घरेलु बालश्रम, बाल भरिया, कृषि बालश्रम, लागूपदार्थ सङ्कलन, बेचबिखन तथा ओसारपसारमा संलग्न बालश्रम, बुनाइ बालश्रम, इट्टा उद्योगको बालश्रम, ढुंगा, बालुवा, माटो कोइला आदि खानी क्षेत्रको बालश्रम, मनोरञ्जन क्षेत्रको बालश्रम (यौन शोषण समेत), यातायात क्षेत्रको बालश्रम, जरी तथा बुट्टा भराइमा संलग्न बालश्रम, छिमेकी देशमा पुऱ्याइएको बालश्रम, यान्त्रिक तथा रासायनिक क्षेत्रमा काम गर्ने बालश्रम, माग्ने काम गरिरहेका बालश्रम, सडक व्यापारमा संलग्न बालश्रम, जडीबुटी सङ्कलन गर्ने बालश्रम, भौतिक पूर्वाधार निर्माण क्षेत्रको बालश्रम र होटेल रेष्टुराँको बालश्रम ।

## १.३. तथ्यात्त्कमा नेपालको बालश्रम

नेपालमा बालश्रम प्रतिवेदन २०२१ का आधारमा केही तथ्याङ्कहरू प्रस्तुत गरिएको छ :

१. नेपालमा ५ देखि १७ वर्ष उमेरका ७० लाख बालबालिका (कुल बालबालिका) मध्ये ११ लाख बालबालिका (१५.३५%) बालश्रममा संलग्न रहेको पाइएको छ, जुन सन् २००८ मा रहेको १६ लाख बाल श्रमिकको तुलनामा उल्लेख्य कमी आएको हो ।

२. ५ देखि १३ वर्ष सम्मका बालबालिकामा बालश्रममा संलग्नता १८ प्रतिशत छ, जबकि यो दर १४ देखि १७ वर्ष बीचका बालबालिकाहरूमा १८ प्रतिशत रहेको छ।

३. पुरुषको तुलनामा महिला बालबालिका बालश्रममा संलग्न हुने सम्भावना बढी हुन्छ, बालकमा १४ प्रतिशत छ भने बालिकामा १७ प्रतिशत रहेको छ।

४. कर्णालीमा सबैभन्दा बढी बालश्रम (२४.६ प्रतिशत) रहेको छ। त्यसपछि क्रमशः सुदूरपश्चिम (२०.९ प्रतिशत), कोशी प्रदेश (१७.६ प्रतिशत), गण्डकी (१६.१ प्रतिशत), लुम्बिनी (१५.८ प्रतिशत), मधेश प्रदेश (११.५ प्रतिशत) भने सबैभन्दा कम बागमतीमा (८.९ प्रतिशत) रहेको छ।

५. शहरी क्षेत्र (१२.१ प्रतिशत) को तुलनामा ग्रामीण क्षेत्रमा (२०.४ प्रतिशत) बालश्रम बढी छ।

६. बालश्रममा संलग्न कुल बालबालिकामध्ये करिब ८७ प्रतिशत बालश्रमिक कृषि क्षेत्रमा संलग्न छन् भने १३ प्रतिशत अन्य क्षेत्रमा रहेका छन्।

७. सबैभन्दा बढी बालश्रमको प्रवलता दलित समुदायमा १९.४ प्रतिशत रहेको छ, त्यसपछि जनजाति १८.१ प्रतिशत, ब्राह्मण र क्षेत्री १४.५ प्रतिशत, तराई जातजाति १२.७ प्रतिशत, मुस्लिम र अन्य जातिमा १२.८ प्रतिशत र सबैभन्दा कम नेवारमा ९.९ प्रतिशत छ।

८. विद्यालय जाने बालबालिकामा बालश्रमको दर १४.१ प्रतिशत छ भने विद्यालय नजानेमा २५.१ प्रतिशत छ।

९. बालश्रममा संलग्न नभएका कामदार बालबालिकाले कमाउने (प्रति हप्ता) नेपाली रुपैयाँ २१५७ भन्दा ९५९ रुपौयाँले बढी बाल श्रमिकको रूपमा काम गर्ने बालबालिकाले ३११६ रुपैयाँ कमाउने गरेका छन् ।

१०. करिब २ लाख (३.२ प्रतिशत) बालबालिका जोखिमपूर्ण काममा संलग्न रहेको पाइन्छ, जुन सन् २००८ को ६ लाख २० हजारको तुलनामा उल्लेखनीय रूपमा कमी हो । जसमा महिलाको (२.६ प्रतिशत) तुलनामा धेरै पुरुष (३.७ प्रतिशत) संलग्न छन् ।

११. खतराजन्य क्षेत्रको काम गर्ने बालबालिका ग्रामीण (२.९ प्रतिशत) क्षेत्रको तुलनामा शहरी क्षेत्र (३.३ प्रतिशत) रहेका छन् ।


१२. जोखिमपूर्ण काममा संलग्न बालबालिकामध्ये लगभग ६२.३ प्रतिशत कृषिबाट आउँछन् र ३७.७ प्रतिशत अन्य क्षेत्रबाट आउँछन् ।

१३. अनौपचारिक क्षेत्रमा संलग्न लगभग ७४ प्रतिशत बालबालिकाहरू जोखिमपूर्ण अवस्थामा काम गर्छन् ।

१४. कम्तीमा माध्यमिक तहको शिक्षा हासिल गरेका अभिभावकहरूमा बालश्रमको दर ४.४ प्रतिशत छ, त्यसपछि क्रमशः वृद्धि हुँदै माध्यमिक तह (कक्षा ९ र १०) शिक्षा (१०.४ प्रतिशत) र निम्न माध्यमिक स्तर (कक्षा ६, ७ र ८) शिक्षा (१२.९ प्रतिशत) रहेको छ।

१५ महिला प्रमुख भएको घरपरिवारमा बालश्रमको प्रचलन बढी (१६.४ प्रतिशत) छ भने पुरुष प्रधान परिवार (१४.७ प्रतिशत) मा कम रहेको छ।

नेपालको बालश्रम अवस्थालाई निम्न चित्रबाट सहज रूपमा बुझ्न सकिन्छ।




*माथि चित्रमा कालो बाकसभित्र रहेका बालश्रम प्राथमिकताकासाथ सम्बोधन गर्नुपर्ने बालश्रमका क्षेत्र हुन् भने सेतो बाकसमा रहेका संख्यालाई बालश्रममा प्रवेश गर्नबाट रोक्न आवश्यक उपायहरू अवलम्बन गर्नुपर्ने संख्या हुन् ।*

## २. नेपालमा बालश्रम सम्बन्धी नीतिगत व्यवस्था

बालश्रमलाई सम्बोधन गर्ने नेपालको प्रतिबद्धता संवैधानिक प्रावधान र कानुनी संरचनाहरूमा स्पष्ट रूपमा प्रतिबिम्बित भएको छ, जसले आफ्नो बालबालिकाको हित र अधिकारको रक्षा गर्ने सुनिश्चितता गराउँछ । नेपालको संविधान २०७२ बालबालिकाको अधिकार सुनिश्चित गर्ने आधारशिलाको रूपमा रहेको छ। संविधानको धारा १६ र ५१ ले सामाजिक न्यायको लागि राष्ट्रको प्रतिबद्धतालाई स्पष्ट रूपमा व्यक्त गरेको छ, बालबालिकालाई जोखिमपूर्ण पेशा, कारखाना वा खानीमा संलग्न गराउनुलाई कडाइका साथ निषेध गरेर शोषणबाट जोगाउने आधार निर्माण गरेको छ।

संवैधानिक प्रावधानलाई कानुनी व्यवस्थामा रूपान्तरित गर्दै श्रम ऐनमा थप स्पष्ट पारिएको छ, जसमा बालश्रम सम्बन्धी विभिन्न नियमहरूलाई विस्तृतीकरण गरिएको छ। यस ऐनको दफा ५६ ले १४ वर्षभन्दा कम उमेरका बालबालिकालाई कुनै पनि पेशामा, विशेष गरी तिनीहरूको हितको लागि खतरा हुने काममा संलग्न गर्न निषेध गरेको छ। खण्ड ५७ र ५८ ले १४ देखि १८ वर्ष उमेरका किशोरकिशोरीहरूका सम्बन्धमा अनुमतियोग्य कामका सर्तहरू निर्दिष्ट गर्दै र जोखिमयुक्त कार्यहरूमा संलग्न गर्न गराउन निषेध गर्न आवश्यक प्रावधानहरूको व्यवस्था गरेको छ।

'बालबालिका सम्बन्धी ऐन २०७५' लागू भएपछि नेपालको बाल संरक्षण तथा बालअधिकार सम्बन्धी कानुनी परिवेशमा उल्लेखनीय परिवर्तन भएको छ । कानुनको परिमार्जनले बाल बालिकाको

अधिकार र भलाइको रक्षा गर्ने राष्ट्रको प्रतिबद्धतालाई प्रतिनिधित्व गरेको छ । बालबालिका सम्बन्धी ऐन २०७५ ले बालबालिकाको १३ मौलिक अधिकारहरू सुनिश्चित गर्दै यी अधिकारहरूको संरक्षण गर्न राज्य, संस्थाहरू, अभिभावकहरू र आमसञ्चार माध्ययमलाई स्पष्ट रूपमा जिम्मेवारी तोकेको छ । यसले १४ वर्ष भन्दा कम उमेरका बालबालिकाहरूलाई जोखिमपूर्ण क्षेत्रहरूमा संलग्न गराउनेमा स्पष्ट प्रतिबन्धहरू गरेको छ, जसमा उनीहरूलाई घरेलु कामदारका रूपमा संलग्न हुन वा गराउन निषेध गरिएको छ । यस प्रावधानले बालबालिकाको शिक्षा, शारीरिक, भावनात्मक, सामाजिक र नैतिक विकासमा पर्न सक्ने सम्भावित हानिलाई मान्यता दिदै श्रम र आर्थिक शोषणबाट बालबालिकालाई जोगाउने प्रतिबद्धतालाई जोड दिन्छ ।

'बालबालिका सम्बन्धी ऐन २०७५' ले बालबालिकाहरूलाई शोषणबाट जोगाउने प्रतिबद्धतालाई थप जोड दिएको छ । यस ऐनको दफा १४ ले बालबालिकाको लागि जोखिम पहिचान गर्न र सुरक्षित पालन, पोषण गर्ने वातावरणमा उनीहरूको अधिकारलाई जोड दिन जोखिमपूर्ण काममा संलग्न हुन र गराउन निषेध गरेको छ । खण्ड १८ ले प्रत्येक बालबालिकाको शिक्षाको अधिकारलाई सुदृढ पार्छ, शैक्षिक अवसरहरूमा बालबालिकाको पहुँचमा बाधा पुऱ्याउने कुनै पनि गतिविधिलाई निरुत्साहित गर्दछ ।

बालश्रमलाई सम्बोधन गर्ने बहुआयामिक दृष्टिकोण बालश्रम विरुद्धको राष्ट्रिय कार्ययोजना (NPA-CL) मा समेटिएको छ । यो बृहत योजनाले गुणस्तरीय शिक्षामा सार्वभौमिक पहुँचलाई प्रवर्द्धन गर्न विशेष जोड दिएर जोखिमयुक्त बालश्रमलाई रोक्न र उन्मूलन गर्ने उपायहरूलाई

रणनीतिक रूपमा प्रस्तुत गरेको छ। कार्ययोजनाले बालश्रम कानुनको प्रभावकारी कार्यान्वयनको लागि सवल वातावरण सिर्जना गर्ने लक्ष्य राखेको छ, जसले बालश्रम विरुद्ध लड्न राष्ट्रको प्रयासलाई महत्वपूर्ण आधारका रूपमा लिन सकिन्छ।

त्यसै गरी, नेपालमा बाध्यकारी श्रम, साथै बालश्रम उन्मूलन गर्न लक्षित धेरै ऐन र नियमहरू लागू गरिएको छ। जसमा 'मुलुकी फौजदारी अपराध संहिता २०७४' तथा 'मुलुकी देवानी संहिता २०७४' का व्यवस्थाहरू, 'बालश्रम निषेध तथा नियमन ऐन (२०५६)', 'कमैया श्रम (निषेध ऐन (२०५८)', 'वैदेशिक रोजगार ऐन (२०६४)' र 'श्रम ऐन (२०७४)' प्रमुख छन् । यी कानुनी प्रावधानहरूले सामूहिक रूपमा बलियो कानुनी आधार र संरचना बनाउनुका साथै बालश्रम सम्बन्धी कानुनी प्रावधानहरू उल्लङ्घन गर्नेहरूका लागि कानुनी दण्डसजायहरूको व्यवस्था रहेको छ । 'बालश्रम निषेध र नियमित गर्ने ऐन २०५६'ले संघीय व्यवस्था अनुरूप बालश्रमलाई सम्बोधन गर्न नसकेको, बालश्रम रोकथाम तथा क्षतिपूर्तिको व्यवस्था नगरेको र बालश्रमलाई व्यक्तिवादी देवानी मुद्दाको रूपमा स्वीकार गरेकोले यस ऐनका व्यवस्थाहरू प्रभावकारी हुन सकेका छैनन्।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले कानुनी प्रक्रिया कार्यहरू पूरा गर्दै बालश्रम उन्मूलन गर्न र सम्बन्धित सामाजिक सुरक्षा सरोकारहरूलाई सम्बोधन गर्ने कार्यक्रमहरू कार्यान्वयन गर्ने कार्यको अगुवाई गरिरहेको छ। मर्यादित काम, रोजगारी र सामाजिक सुरक्षालाई प्राथमिकता दिदै द्वन्द्व प्रभावित बालबालिकाका लागि पहलहरू, बालविवाह विरुद्ध, बाल बेचबिखन विरुद्ध, बाल वेश्यावृत्ति विरुद्ध र बालअधिकार सम्बन्धी सचेतना अभियान सञ्चालन गरेको छ।

'बालश्रम उन्मूलन सम्बन्धी राष्ट्रिय गुरु योजना (२०७५ देखि २०८५)' आफैमा दिगो विकास लक्ष्यहरूसँग मिल्दोजुल्दो छ, सन् २०७९ सम्म निकृष्ट र शोषणयुक्त बालश्रम शोषण र २०८२ सम्म सबै प्रकारका बालश्रम उन्मूलन गर्ने महत्वाकाङ्क्षी लक्ष्यहरू तय गरेको छ। यद्यपि, यसको कार्यान्वयन पक्ष आजसम्म त्यति सन्तोषजनक रहेको छैन।

सारमा, नेपालको बलियो कानुनी र संवैधानिक ढाँचा, अन्तर र्षिट्रय पहलहरूमा सक्रिय सहभागिताले बालश्रम उन्मूलन गर्दै बालबालिकाहरूको सर्वाङ्गीण विकास, शोषणबाट सुरक्षा र उज्ज्वल भविष्यका लागि आवश्यक वातावरण निर्माण गर्ने समग्र प्रतिबद्धतालाई जोड दिएको छ। बालश्रम अन्त्यका लागि नेपालले गरेका कानुनी र नीतिगत प्रयासहरू प्रशंसनीय छन् र केही हदसम्म प्रगतिहरूको बाबजुद कानुन कार्यान्वयन विशेष गरी अनौपचारिक क्षेत्रमा चुनौतीहरू कायम छन्। बालश्रमको अनुगमन र कार्यान्वयनमा वृद्धि गर्ने संयन्त्रलाई व्यापक बाल संरक्षण सुनिश्चित गर्नको लागि महत्वपूर्ण छ। यी कानुनहरूको प्रभावकारी कार्यान्वयन र अनुगमन महत्वपूर्ण हुनेछ, जसले प्रत्येक बालबालिकालाई कानुनी रूपमा सुरक्षित मात्र नभई शोषणमुक्त बाल्यकालको अनुभव गर्ने, शिक्षा र उज्यालो भविष्यका लागि अवसरहरू प्रदान गर्ने समाजको विकास गर्न महत्वपूर्ण हुनेछ।

## ३. बालश्रमको राजनीतिक तथा आर्थिक आयामहरू

नेपालमा बालश्रमको विद्यमान अवस्था रहनुमा राजनीतिक र आर्थिक दुबै आयामको गहिरो सम्बन्ध रहेको छ।

नेपालमा बालश्रम व्याप्त हुनुमा राजनीतिक कारणले महत्वपूर्ण भूमिका खेलेको छ। ऐतिहासिक रूपमा, राजनीतिक अस्थिरता, द्वन्द्व र शासन

व्यवस्थामा देखिएका कमीकमजोरीहरूका कारणले बालश्रम कानुन र रोकथामका उपायहरूको कार्यान्वयन चुनौतीपूर्ण रहेको वातावरण सिर्जना गरेको छ। देश राजतन्त्रबाट संघीय लोकतान्त्रिक गणतन्त्रमा परिवर्तन भयो, तर बालश्रम सम्बन्धी नियम कानुनहरू बदलिएको राज्य व्यवस्थाअनुरूप परिमार्जन हुन सकेका छैनन् । राजनीतिक नेतृत्वमा मर्यादित श्रम र श्रम अधिकार विषयमा चासो र सरोकार भए पनि गरिबी, अशिक्षा र श्रम शोषणको एक प्रमुख आधार रहेको बालश्रमलाई पर्याप्त संवेदनशील ढंगले हेरिएको छैन । कतिपय अवस्थामा राजनीतिकर्मीहरूले नै बालश्रमको प्रयोग गरिरहेको पनि पाइन्छ।

बालश्रमको आर्थिक आयाम गरिबी र स्रोतको असमान वितरणसँग गाँसिएको छ। धेरै परिवारहरू, विशेष गरी ग्रामीण क्षेत्रहरूमा, आर्थिक कठिनाइहरू सामना गरिहेका छन् । बालबालिकाहरू घर परिवारको आयमा योगदान दिनको लागि काम गर्न बाध्य छन्। गुणस्तरीय शिक्षा र व्यावसायिक तालिममा सीमित पहुँचले बालश्रमलाई निम्त्याउने आर्थिक कारकहरूलाई अझ मलजल गरेको छ । धेरै क्षेत्रहरूमा प्रचलित अनौपचारिक अर्थतन्त्रले प्रायः न्यून ज्यालाको जोखिमयुक्त वा शोषणकारी काममा संलग्न बालबालिकाहरूको शोषण गरिरहेको छ। नेपालमा बालश्रमको आर्थिक आयामलाई सम्बोधन गर्न गरिबी निवारण, सीप विकास र समतामूलक स्रोत वितरणलाई प्राथमिकता दिने आर्थिक विकास रणनीतिहरू आवश्यक छ।

नेपालमा बालश्रम निवारण गर्न राजनीतिक र आर्थिक दुबै आयामहरूलाई विचार गर्ने बृहत दृष्टिकोणको आवश्यकता छ। यसमा बालबालिकालाई सुरक्षित, शिक्षित र शोषणकारी श्रम अभ्यासबाट

मुक्त हुने वातावरण सिर्जना गर्नका लागि कानुनी सुधार, प्रभावकारी शासन, गरिबी निवारण र शैक्षिक कार्यक्रमहरू समावेश गर्न जरुरी छ।

### ३.१. बालश्रम र सामन्तवाद

बालश्रम र सामन्तवादबीचको जुन जटिल ऐतिहासिक सम्बन्ध थियो त्यसले नेपालको वर्तमान शासन प्रणाली र यससँग जोडिएको सामाजिक संरचनासँग गाँसिएर दीर्घकालीन असर गरेको छ। नेपालको सामन्ती संरचनाले जमिनको मालिकहरूलाई पर्याप्त अधिकार प्रदान गरेको थियो, जसले उनीहरूलाई आर्थिक रूपमा विपन्न परिवारका बालबालिकाको शोषण गर्ने वर्गका रूपमा स्थापित गऱ्यो। यस शोषणले गरिब परिवारहरूलाई आफ्ना छोराछोरीहरूलाई श्रममा लगाउन बाध्य तुल्यायो, शिक्षामा उनीहरूको पहुँचलाई वञ्चित गर्दै र सामाजिक, आर्थिक र मानव विकासका अवसरहरूमा बाधा पुऱ्यायो। उदाहरणका लागि, परम्परागत सामन्ती व्यवस्थाबाट गहिरो रूपमा प्रभावित कृषि क्षेत्रमा बालश्रमको व्यापकतालाई लिन सकिन्छ। ग्रामीण क्षेत्रमा बसोबास गर्ने गरिब परिवारका धेरै बालबालिका आर्थिक अभाव र शिक्षाको अवसरमा सीमित पहुँचका कारण कठिन कृषि कार्यमा संलग्न हुन्छन्। यसका साथै पारिवारिक रूपमा नै परम्परागत बाध्यकारी श्रममा संलग्न हुने अभ्यास, घरेलु श्रममा बालबालिकालाई संलग्न गराउने अभ्यास सामन्तवादकै अवशेषको रूपमा लिन सकिन्छ।

तसर्थ, नेपालमा बालश्रम र सामन्तवादबीचको ऐतिहासिक सम्बन्धले त्यो युगलाई जोड दिन्छ, जब जमिन मालिकहरूले श्रमशक्तिमाथि नियन्त्रण राखेका थिए, विशेष गरी सीमान्तकृत पृष्ठभूमिका

बालबालिकाको शोषणलाई लिन सकिन्छ । जुन अहिले आएर शहरी क्षेत्रमा बिस्तार भई जोखिमपूर्ण बालश्रममा बालबालिकाहरू धकेलिइरहेको अवस्था छ । यस परिदृश्यले गरिब परिवारहरूलाई सामाजिक र आर्थिक असमानताको चक्रलाई निरन्तरता दिँदै श्रमका लागि आफ्ना बालबालिकाहरूमा भर पर्न बाध्य भइरहेका छन् ।

औपचारिक सामन्ती व्यवस्था हटेको भए पनि यसको प्रभाव समसामयिक समाजमा पनि दोहोरिरहन्छ । आर्थिक प्रगति, सरकारी र वैदेशिक सहायताबाट सञ्चालन भएका गैरसरकारी क्षेत्रको पहलहरूको बाबजुद, आर्थिक रूपमा चुनौतीपूर्ण पृष्ठभूमिका बालबालिकाहरू अझै पनि श्रममा भाग लिन बाध्य छन् । ऐतिहासिक संरचना र असमानताहरूले बालश्रम अभ्यासहरूलाई निरन्तरता दिइरहेका छन् । उदाहरणका लागि, सामन्तवादी प्रभावका अवशेषहरू रहेका दुर्गम गाउँहरूमा रहेका परिवारहरूको अवस्थालाई विश्लेष गर्दा आज पनि गरिबी र सीमित शैक्षिक अवसरहरूको चक्र निरन्तर चलिरहदा यी क्षेत्रका बालबालिका आर्थिक आवश्यकताका कारण विभिन्न प्रकारका श्रममा संलग्न छन् ।

नेपालमा बालश्रमको समस्यालाई सम्बोधन गर्न बहुआयामिक दृष्टिकोण आवश्यक छ । आर्थिक हस्तक्षेप बाहेक, सामाजिक संरचनाको व्यापक रूपान्तरणको लागि महत्वपूर्ण पहलकदमीको आवश्यकता छ । यसमा सीमान्तकृत परिवारका लागि अवसरहरू सिर्जना गर्ने, गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्ने र सामाजिक समानताको वातावरण निर्माण गर्ने हुन सक्छन् । सामन्तवादमा आधारित शोषणको ऐतिहासिक चक्रलाई तोड्न सरकारी एवं गैरसरकारी क्षेत्रबाट गरिएका पहलहरूले नेपालमा समतामूलक र न्यायपूर्ण समाजको निर्माणको

दिशामा योगदान त दिएको छ, तर राज्य र समाजकै तहमा थप पहल पनि त्यतिकै जरुरी छ।

## ३.२. बालश्रम र न्यायोचित समृद्धि

नेपालको सामाजिक आर्थिक परिवेशमा बालश्रम र न्यायपूर्ण समृद्धिको खोजी आफैमा जटिल चुनौतीपूर्ण विषय हो। यद्यपि, यसको सूक्ष्म समाधानहरूको खाका कोर्न जरुरी छ। सामाजका विभिन्न क्षेत्रहरूमा बाल अधिकारको अवस्थामा उल्लेखनीय प्रगतिहरू भए पनि बालश्रमको निरन्तरताले विकासको असमान रूप थप व्यापक र असमान अवस्थामा छ। यसलाई बदल्ने दृष्टिकोण सहित व्यापक दबाबको आवश्यकता रहेको छ।

शिक्षा, स्वास्थ्य तथा आधारभूत सेवाहरूको निरन्तर निजीकरण, बढ्दो शहरीकरणसँगै पुँजी र नगद प्रवाहको बलियो प्रभाव तथा जिवनवृत्तिका लागि बजारमा भर पर्नुपर्ने नवउदारवादी आर्थिक व्यवस्थाका कारण आर्थिक विकास र समृद्धिको न्यायोचित वितरण हुन सकिरहेको छैन। परिणाम महँगो विद्यालय, खर्चिलो जीवनस्तर तथा महँगो स्वास्थ्य सेवाका कारण र राज्यबाट विपन्न र असमानताका जोखिममा रहेकाहरूको पर्याप्त संरक्षणको व्यवस्था नभएका कारण बालबालिकाहरू सानै उमेरमा विभिन्न जोखिमपूर्ण श्रममा संलग्न हुन बाध्य छन्।

## ३.३. बालश्रम र ट्रेड युनियन आन्दोलन

बालश्रम र ट्रेड युनियन आन्दोलनको अन्तरसम्बन्ध शोषणकारी श्रम प्रथाहरूलाई उन्मूलन गर्ने संयुक्त प्रयासको आधारभूत पक्ष

हो । बालश्रमले एकतर्फ वयस्क रोजगारीको स्थानहरूलाई साँघुर्‍याउँदै जान्छ भने अर्कोतर्फ श्रमिक वर्गको आर्थिक उत्थान र जीवनस्तर सुधारमा अवरोध सृजना गर्दछ । सामाजिक सुरक्षा, उपयुक्त ज्याला लगायतका अवसरहरूको वन्चितीकरणबाट श्रम शोषणको दुश्चक्रलाई निरन्तरता दिन्छ। तसर्थ, श्रम अधिकार आन्दोलनले बालश्रम अन्त्यको आन्दोलनलाई अभिन्न अंग नबनाएसम्म मर्यादित रोजगारी, उचित ज्याला, श्रमिकहरूको जीवनस्तर सुधारको प्रयासहरू पूर्ण हुन सक्दैनन् ।

नेपालमा ट्रेड युनियन आन्दोलन बालश्रमलाई सम्बोधन गर्ने बलियो प्रयासहरू सहित श्रमिकको अधिकार र कल्याणको वकालत गर्न बलियो शक्तिको रूपमा स्थापित छन् । नेपालका ट्रेड युनियनहरूले मर्यादित श्रम, सामाजिक सुरक्षा, सुधारिएको कामको अवस्था, उचित पारिश्रमिक र श्रमिकहरूको समग्र अधिकारको वकालत गर्ने सन्दर्भमा एकल तथा सामूहिक प्रयासहरू गरिरहेका छन् ।

## श्रमिक अधिकार आन्दोलन

बालश्रम र ट्रेड युनियन आन्दोलनको अन्तरसम्बन्ध शोषणकारी श्रम प्रथाहरूलाई उन्मूलन गर्ने संयुक्त प्रयासमा प्रस्ट हुन्छ। ट्रेड युनियनहरूले सचेतना अभियान सञ्चालन गर्न गैर सरकारीसंस्थाहरूसँग सक्रिय रूपमा सहकार्य गरेका छन् । नेपालमा, श्रमिकहरूको अधिकारको रक्षा गर्ने उद्देश्यले श्रम नीति र कानुनी सुधारहरूलाई प्रभाव पार्न ट्रेड युनियनहरूले महत्वपूर्ण भूमिका खेलेका छन् । बालश्रम र नेपालमा ट्रेड युनियन आन्दोलनको अन्तरसम्बन्ध शोषणकारी श्रम प्रथाहरूको अन्त्य गर्न र श्रमिकहरूको अधिकार र मर्यादा सुरक्षित गर्नका लागि विशेष गरी बालबालिकामा विशेष जोड दिएर सहयोगी प्रयासहरू मार्फत

प्रकट भएको छ । ट्रेड युनियनहरूले सक्रिय रूपमा नागरिक समाज संगठनहरू, सरकारी निकायहरू, र अन्तर्राष्ट्रिय एजेन्सीहरूसँग सहकार्य गरिरहेका छन् । तिनीहरू बालश्रमको बारेमा सचेतना अभियानमा संलग्न हुनुका साथै कानुनी सुधारका लागि पैरवी गरेका छन् ।

परिवारमा आर्थिक दबाब, सीमित शैक्षिक अवसरहरू, र अपर्याप्त कार्यान्वयन संयन्त्रहरूले बालश्रम उन्मूलनमा बाधाहरू खडा हुने हुँदा चुनौतीहरू यथावत छन् । यद्यपि, ट्रेड युनियनहरूले यी चुनौतीहरूलाई सामूहिक रूपमा सम्बोधन गर्न महत्वपूर्ण मञ्च प्रदान गरिरहेका छन् । उनीहरूले ट्रेड युनियन आन्दोलनले  सार्वजनिक शिक्षालाई प्रवर्द्धन गर्ने नीतिहरूको वकालत, शोषणकारी काम गर्ने अवस्थाहरूको अनुगमन र हस्तक्षेप, श्रमिकहरूको सशक्तीकरण र संगठन निर्माणलाई सशक्त बनाउन भूमिका खेलेकोले बालश्रम उन्मूलन गर्ने बृहत लक्ष्यमा महत्वपूर्ण योगदान गरेका छन् ।

ट्रेड युनियन आन्दोलनको प्रभावको उदाहरण ग्रामीण क्षेत्रहरूमा सचेतना कार्यक्रमहरूमा युनियनहरूले सक्रिय रूपमा भाग लिने उदाहरणहरूमा देख्न सकिन्छ । बालश्रमका हानिकारक प्रभावहरूको बारेमा समुदायहरूलाई शिक्षित गरेर र गुणस्तरीय शिक्षामा पहुँचको वकालत गरेर, ट्रेड युनियनहरूले मानसिकता परिवर्तन गर्न र बालश्रमलाई निरुत्साहित गर्ने सामाजिक आर्थिक अवस्थाहरूलाई बढावा दिन योगदान दिएका छन् । यस्ता पहलहरूले बालश्रमका मूल कारणहरूलाई न्यूनीकरण गर्न सहयोगी प्रयासहरूको सम्भावना निर्दिष्ट गरेका छन् ।

यस सहकार्यमा ट्रेड युनियनहरू, सरकारी निकायहरू, गैर सरकारी संस्थाहरू र अन्तर्राष्ट्रिय विकास साझेदारहरूले फरक फरक भूमिका खेलिरहेका छन् । बालश्रमको मूल कारणहरूलाई सम्बोधन गरेर, नीति परिवर्तनको पैरवी र पहलहरू मार्फत जागरूकता बढाउँदै  नेपालमा बालश्रम उन्मूलन गर्न र न्यायपूर्ण र समतामूलक समाजको लागि सक्रिय भूमिका निर्वाह गर्न जरुरी  छ।

## ३.४. बालश्रम र शिक्षा

नेपालमा बालश्रम जटिल सामाजिक आर्थिक गतिशीलता र शैक्षिक असमानताहरूका उपजको रूपमा रहेको छ। जसको समाजमा गहिरो जरा गाडिएको छ । 'नेपाल श्रम शक्ति सर्वेक्षण-२०१८' ले ५ देखि १७ वर्ष उमेर समूहका करिब २१.६ प्रतिशत बालबालिका आर्थिक गतिविधिमा संलग्न रहेको देखाएको छ। शहरी क्षेत्रमा ५.४ प्रतिशतको तुलनामा १५.२ प्रतिशतका  बालबालिका ग्रामीण क्षेत्र हुनाले श्रममा संलग्न हुने प्रचलन ग्रामीण क्षेत्रहरूमा बढी स्पष्ट हुन्छ । 'नेपाल श्रम शक्ति सर्वेक्षण २०२२' अनुसार नै आर्थिक गतिविधिमा संलग्न बालबालिकामा २४.६ प्रतिशत विद्यालय छाड्ने दर विश्लेषण गर्दा शिक्षामा डरलाग्दो प्रभाव पारेको प्रष्ट देखिन्छ।

विद्यालय शिक्षाको निजीकरण तथा महँगाइ, सार्वजनिक शिक्षामा घट्दो लगानी, बिना विकल्प विद्यालयहरू गाभिने, गुणस्तरीय, बालमैत्री तथा रोजगारमूलक शिक्षाको कमी जस्ता कारणहरूबाट बालबालिकाहरू

विद्यालयको पहुँचबाट टाढा रहेका छन् वा विद्यालय छाड्न बाध्य छन्। विद्यालय बाहिर रहेका बालबालिका कुनै न कुनै रूपमा बालश्रममा संलग्न हुने जोखिमता सँधै रहन्छ।

तसर्थ, बालश्रम निवारणका लागि सार्वजनिक शिक्षामा लगानी वृद्धि गर्ने, जोखिममा रहेका बालबालिकालाई शैक्षिक सहायताका अवसरहरू सुनिश्चित गर्न जरुरी छ।

## ३.५. बालश्रम र विपद तथा मानवीय सङ्कटहरू

जलवायु परिवर्तन, पर्यावरणीय सङ्कट तथा मानवीय कारणहरूबाट सृजित विभिन्न विपदहरूका कारण पनि बालश्रम निरन्तर रहेको पाइन्छ। विशेष गरी खाद्य सङ्कट, बाढी पहिरो, भूकम्प आदिका कारण विस्थापित परिवारिका बालबालिकाहरू जीविकोपार्जन तथा संरक्षणको खोजीमा बालश्रममा पुगेको पाइन्छ।

पर्यावरणीय सङ्कट तथा विपद प्रभावित समुदायमा बालबालिका लक्षित संरक्षण तथा सहायताका कार्यक्रमहरू लागु गर्ने, विस्थापित एवं आन्तरिक रूपमा बसाइसरेका एवं शहरी गरिब परिवारका बालबालिका लक्षित सहायता तथा सामाजिक सुरक्षाका कार्यक्रमहरूबाट बालश्रमको जोखिमतालाई न्यूनीकरण गर्न सकिन्छ।

बालश्रमका विभिन्न कारक आयामहरूलाई निम्न तालिकाले थप प्रस्ट पार्दछ :

| कारक | चुनौती | बालश्रममा प्रभाव |
|---|---|---|
| गरिबी | व्यापक गरिबी, विशेष गरी ग्रामीण क्षेत्रमा, समतामूलक समृद्धिको लागि महत्वपूर्ण बाधक बनेको छ । | आर्थिक कठिनाइको सामना गरिरहेका परिवारहरू प्रायः आफ्ना छोराछोरीले आर्जन गर्ने आम्दानीमा भर पर्छन् । |
| शिक्षामा सीमित पहुँच | गुणस्तरीय शिक्षामा असमान पहुँच, विशेष गरी ग्रामीण र सीमान्तकृत समुदायहरूमा । | पर्याप्त शैक्षिक अवसरहरू बिना, बालबालिकाहरू उनीहरूको शिक्षाको खर्चको लागि श्रममा संलग्न हुने सम्भावना बढी हुन्छ । |
| अपर्याप्त सामाजिक सेवाहरू | स्वास्थ्य सेवा र कल्याणकारी कार्यक्रमहरू सहित अपर्याप्त सामाजिक सेवाहरू । | आधारभूत सेवाहरूमा पहुँच गर्न चुनौतीहरूको सामना गरिरहेका परिवार हरूले आफ्नो तत्काल आवश्यकताहरू पूरा गर्न बालश्रमको सहारा लिन सक्छन् । |

| | | |
|---|---|---|
| सांस्कृतिक नियम र अभ्यासहरू | बालबालिकाका लागि परम्परागत भूमिकाहरूलाई प्राथमिकता दिन सक्ने सांस्कृतिक मापदण्डहरूको निरन्तरता । | कतिपय अवस्थामा, सांस्कृतिक अपेक्षाहरूले बालबालिकालाई पारिवारिक व्यवसाय वा घरायसी काममा संलग्न हुनमा योगदान पुऱ्याउन सक्छ । |
| वयस्कहरूका लागि सीमित रोजगारीका अवसरहरू | वयस्कहरूको लागि विविध र राम्रो रोजगारी अवसर हरूको अभाव । | जब वयस्कहरूले उपयुक्त रोजगार खोज्न संघर्ष गर्छन्, बालबालिकाहरू पारिवारिक आम्दानीको लागि काम गर्न बाध्य हुन्छन् । |
| लैङ्गिक असमानता | लैङ्गिक भेदभाव र अवसरहरूमा असमानता । | विशेष गरी बालिकाहरूले सीमित अवसरहरूको सामना गर्न सक्छ, उनीहरूलाई निश्चित सन्दर्भहरूमा बालश्रममा धकेलिन सक्छ । |
| बालश्रम कानुनको कमजोर कार्यान्वयन | विद्यमान बालश्रम कानुनको प्रभावकारी कार्यान्वयन । | जब कानुनहरू कडाइका साथ लागू हुँदैनन्, शोषणकारी श्रम अभ्यासहरूमा बालबालिकालाई संलग्न गराउने रोजगारदाताहरूको लागि थोरै अवरोध हुन्छ । |

| | | |
|---|---|---|
| राजनीतिक अस्थिरता | ऐतिहासिक राजनीतिक अस्थिरतारसुशासनका चुनौतीहरू । | राजनीतिक अनिश्चितताले बालश्रमलाई सम्बोधन गर्न प्रभावकारी नीतिहरूको विकास र कार्यान्वयनमा बाधा पुर्‍याउन सक्छ । |
| व्यावसायिक तालिमको अवसरको अभाव | व्यावसायिक प्रशिक्षण कार्यक्रमहरूको सीमित उपलब्धता । | सीप विकासको बाटो नहुँदा बालबालिका कम सीप भएका, शोषणकारी काममा फसेका हुन सक्छन् । |

## ४. बालश्रम निवारणमा राजनीतिक नेतृत्वको भूमिका

नेपालको विशिष्ट सन्दर्भमा, बालश्रम उन्मूलन र देशका बालबालिकाको हक अधिकार सुरक्षित गर्न व्यापक प्रयासहरूको नेतृत्व गर्न राजनीतिक नेतृत्वले निर्णायक भूमिका निर्वाह गर्न सक्दछन् । राजनीतिक नेतृत्वले बालश्रमलाई स्पष्ट रूपमा निषेध गर्ने, रोजगारीका लागि उपयुक्त उमेर सीमा तोक्ने र उल्लङ्घन गर्नेहरूका लागि कडा सजायको खाका बनाउने कार्यमा अगुवाई गर्न सक्छन् । साथै उनीहरूले कानुन निर्माण, परिमार्जन र कडाइका साथ लागू गर्ने अभियान सञ्चालन गर्नुपर्ने हुन्छ । विश्वव्यापी स्तरमा बालश्रम उन्मूलन गर्ने नेपालको प्रतिबद्धतालाई जोड दिएको हुँदा राजनीतिक पार्टीको विधायिकी दृष्टिकोणको आधारभूत पक्ष भनेको राष्ट्रिय कानुनलाई अन्तर्राष्ट्रिय मापदण्ड र सम्झौताहरूसँग मिलाउनु पर्दछ ।

बालश्रमका मूल कारणहरूलाई सम्बोधन गर्ने प्रयासहरूमा राजनीतिक नेताहरूलाई प्राथमिकता दिन र स्रोत परिचालन र बाँडफाँड गर्न आवश्यक पर्ने रणनीतिमा संलग्न गराउन जरुरी छ । यसमा गरिबी निवारणका कार्यक्रमहरूमा केन्द्रित हुँदै परिवारहरूले बालश्रमको सहारा नलिई उनीहरूको आधारभूत आवश्यकताहरू पूरा गर्ने माध्यमहरू बनाउन आवश्यक नेतृत्व लिन अग्रसर हुनु पर्दछ । यसका साथसाथै गुणस्तरीय शिक्षालाई सर्वव्यापी रूपमा पहुँचयोग्य बनाउन एकजुट हुनुपर्छ । राजनीतिक नेताहरू गरिबीको चक्र तोड्न शिक्षाको परिवर्तनकारी शक्तिलाई जोड दिन शैक्षिक पूर्वाधार, शिक्षक तालिम र सचेतना अभियानहरू सञ्चालनको अगुवाई गर्दै च्याम्पियन बन्न सक्छन् ।

पैरवी र सचेतना अभियानहरू राजनीतिक नेतृत्वको अर्को महत्वपूर्ण आयाम हो । आफ्नो प्रभावशाली संगठन र पदीय जिम्मेवारीको सदुपयोग गरेर, राजनीतिक नेताहरूले बालश्रम विरोधी कानुन लागू गर्ने र शिक्षालाई सामाजिक आर्थिक विकासको प्राथमिक साधनको रूपमा प्रवर्द्धन गर्ने विषयलाई महत्वका साथ प्राथमिकीकरण गरि सार्वजनिक बहसमा सक्रिय रूपमा संलग्न हुन सक्छन् । यसमा नागरिक समाजका संस्थाहरू, शैक्षिक संस्थाहरू र सञ्चारमाध्यमहरूसँग मिलेर सन्देशलाई विस्तार गर्न र सकारात्मक सामाजिक परिवर्तनलाई उत्प्रेरित गर्ने कार्य समावेश हुन सक्दछ ।

राजनीतिक नेताहरूले साझा स्रोतहरू, विशेषज्ञता र उत्कृष्ट अभ्यासहरू प्रयोग गर्दै, विश्वव्यापी संगठनहरूसँग सहकार्य बढाउन सक्छन् । यस

प्रकारको दृष्टिकोण भूमिकाले विश्वव्यापी रूपमा लागू गरिएका अनुभव र रणनीतिहरू उपयोग गरेमा बालश्रम विरोधी प्रयासहरूको प्रभावकारिता बढाउँछ।

यसबाहेक, राजनीतिक नेताहरूले देशभित्र तीनै तहको सरकार मार्फत बालश्रम विरोधी कानुनको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न, अनुगमन र कार्यान्वयन संयन्त्रको सुदृढीकरणलाई प्राथमिकता दिनुपर्छ । यसले बलियो निरीक्षण प्रणालीको विकास गर्न, कानुन प्रवर्द्धन निकायहरूको क्षमता अभिवृद्धि गर्न र बालश्रम अभ्यासहरूमा संलग्न व्यक्ति वा संस्थाहरूको पहिचान र सहज वातावरण निर्माण गर्दछ।

नेपालको विविध सामाजिक सांस्कृतिक परिदृश्यलाई ध्यानमा राख्दै, राजनीतिक नेताहरूले सीमान्तकृत समुदायहरूले सामना गरिरहेको विशिष्ट प्रकारका चुनौतीहरूलाई सम्बोधन गर्ने समावेशी नीतिहरू निर्माण गर्नुपर्छ । लैङ्गिक भेदभाव, जातीय असमानता र क्षेत्रीय असमानता जस्ता कारकहरूलाई स्वीकार र न्यूनीकरण गरेर, राजनीतिक नेताहरूले बालश्रम विरुद्धको लडाई सबै मोर्चाहरूमा लड्ने सुनिश्चित गर्न सक्छन् । जसले कुनै पनि बालबालिकालाई पछि नछुटुन् भन्ने विश्वव्यापी अवधारणा कार्यान्वयनमा खास योगदान पुग्दछ।

नेपालमा राजनीतिक नेताहरूको बहुआयामिक भूमिका छ जसमा कानुन, स्रोत बाँडफाँड, वकालत, अन्तर्राष्ट्रिय सहयोग र लक्षित नीति निर्माण समावेश छ । यी क्षेत्रहरूमा दूरदर्शी र एकीकृत प्रयासहरू मार्फत, राजनीतिक नेताहरूले परिवर्तनलाई उत्प्रेरित गर्न सक्छन् । बालश्रम उन्मूलन र प्रत्येक बालबालिकाले आफ्नो पूर्ण क्षमता महसुस

गर्न सक्ने वातावरण निर्माण गर्ने राष्ट्रको व्यापक लक्ष्यमा महत्वपूर्ण योगदान पुऱ्याउन सक्छन् ।

## ४.१. व्यक्तिगत आचारसंहिता

बालश्रम नेपालमा निरन्तर चिन्ताको विषय बनेको छ । यसको सम्बोधनको लागि तत्काल ध्यानाकर्षण र समन्वयात्मक कार्यको आवश्यकता छ । समाजमा प्रभावशाली, अगुवा र नीति निर्माताको रूपमा रहेका राजनीतिक नेताहरूले यस मुद्दालाई उन्मूलन गर्न निर्णायक भूमिका खेल्न सक्छन् । यसलाई व्यवस्थित गर्न उनीहरूको क्रियाकलापलाई आचार संहिताद्वारा निर्देशित गर्न सके नैतिक रूपमा दिगो परिवर्तनको लागि महत्वपूर्ण हुन्छ । यस्ता संहिताले कानुन, स्रोत विनियोजन, वकालत, अन्तर्राष्ट्रिय सहयोग, अनुगमन संयन्त्र, समावेशी नीति, व्यक्तिगत अखण्डता र सबैका लागि शिक्षा सुनिश्चित गर्ने दृढ प्रतिबद्धतालाई समेट्न सक्छ । आचार संहिताका प्रस्तावित बुँदाहरू निम्नानुसार हुन सक्छन् :

१. राजनीतिक नेताहरूले बालश्रमलाई स्पष्ट रूपमा निषेध गर्ने कानुनहरूको लागि कडा रूपमा वकालत गर्ने । राजकीय जिम्मेवारीमा हुँदा राष्ट्रिय कानुनलाई अन्तर्राष्ट्रिय मापदण्डहरूसँग मिलाएर विश्वव्यापी रूपमा बालश्रम उन्मूलन गर्न नेपालको प्रतिबद्धता लागू गर्ने ।

२. गरिबी निवारण कार्यक्रमहरू र प्रयासहरूका लागि पर्याप्त स्रोतहरूलाई प्राथमिकता दिनुपर्दछ, जसले गुणस्तरीय शिक्षामा विश्वव्यापी पहुँच सुनिश्चित गर्दछ । परिवारहरूले आर्थिक आवश्यकताको कारण बालश्रमको सहारा लिन नपर्ने वातावरण सिर्जना गर्ने ।

३. शिक्षालाई व्यक्तिगत र सामाजिक विकासको लागि आधारभूत उपकरणको रूपमा प्रयोगमा आउने नीतिहरूलाई प्राथमिकता दिने । बालश्रमका हानिकारक प्रभावहरू र शिक्षाको महत्वबारे सचेतना जगाउन चलिरहेको सार्वजनिक मञ्चहरूमा संलग्न हुने ।

४. साझा स्रोत, विशेषज्ञता, र उत्कृष्ट अभ्यासहरूको लाभ उठाउन, बालश्रम विरोधी प्रयायहरूको प्रभावकारिता बढाउन विश्वव्यापी संगठनहरूसँग सहयोगात्मक साझेदारीलाई बढावा दिने ।

५. देशभित्र बालश्रम विरोधी कानुनहरूको अनुगमन र लागू गर्नको लागी संयन्त्रहरूलाई बलियो बनाउने । बलियो निरीक्षण प्रणालीहरू विकास गर्न कानुन प्रवर्तक निकायहरूको क्षमता अभिवृद्धि गर्ने र प्रभावकारी कार्यान्वयनको लागि रिपोर्टिङ संयन्त्रहरू स्थापना गर्ने ।

६. समावेशी नीतिहरू बनाउने जसले विशेष गरी सीमान्तकृत समुदायहरूले सामना गरिरहेका विशिष्ट चुनौतीहरूलाई सम्बोधन गर्दछ । लिङ्गमा आधारित भेदभाव, जातीय असमानता र क्षेत्रीय असमानता जस्ता कारकहरूलाई स्वीकार गर्ने र न्यूनीकरण गर्ने ।

७. बालश्रमको कुनै पनि रूपमा संलग्नताबाट जोगिन र व्यक्तिगत आचरण बालश्रम उन्मूलन गर्ने प्रतिबद्धता गरी व्यक्तिगत इमानदारिता प्रदर्शन गर्ने ।

८. स्थानीय समुदायहरू, गैरसरकारी संस्था र निजी क्षेत्रसँग नजिकबाट सहकार्य गर्ने, उनीहरूले सामना गर्ने सूक्ष्म चुनौतीहरूलाई बुझेर सम्बोधन गर्ने र उनीहरूलाई बालश्रम विरोधी प्रयासहरूको तर्जुमा र कार्यान्वयनमा संलग्न गराउने ।

९. गुणस्तरीय शिक्षामा विश्वव्यापी पहुँच सुनिश्चित गर्ने नीतिहरूको वकालत गर्ने, प्रत्येक बालबालिकालाई व्यक्तिगत विकासका लागि आवश्यक स्रोत साधन र उपकरणहरू प्रदान गर्ने र राष्ट्रको समग्र विकासमा योगदान पुऱ्याउने ।

## ४.२. राजनीतिक प्रतिबद्धता र परिचालन

बालश्रम आफैमा नेपालको मात्र समस्या नभएर एक व्यापक विश्वव्यापी समस्याको रूपमा रहेको छ। यसको प्रभावकारी उन्मूलनको लागि गहिरो राजनीतिक प्रतिबद्धता र रणनीतिक परिचालनको आवश्यक छ । यस चुनौतीको खास गरी राजनीतिक आयाम छ, जसमा विधायिकी ढाँचा, अन्तर्राष्ट्रिय सहयोग, स्रोत बाँडफाँड र व्यापक परिचालन समावेश छ, जसका लगि राजनीतिक प्रतिबद्धताको खाँचो पर्दछ । बालश्रमलाई सम्बोधन गर्ने मूल कुरामा बालबालिकाको अधिकार र हित रक्षा गर्ने कानुनहरू बनाउने र लागू गर्ने सन्दर्भमा सरकार र नीति निर्माताहरूको प्रतिबद्धता जरुरी छ ।

| प्रतिवद्धता | परिचालन |
| --- | --- |
| • नेपाल सरकार नीतिगत रूपमा बालश्रमलाई लक्षित गर्ने कानुनको निरन्तर सुधार गर्न प्रतिबद्ध छ। यसमा कडा कानुनको निर्माण मात्र होइन बालश्रममा योगदान गर्ने अन्तर्निहित सामाजिक आर्थिक कारकहरूलाई सम्बोधन गर्ने व्यापक नीति ढाँचाको कार्यान्वयन पनि समावेश गर्नुपर्छ। | • बालश्रमका हानिकारक प्रभावहरूबारे पार्टीका सदस्यहरू, समर्थकहरू र आम जनतालाई शिक्षित गर्न जनचेतना अभियानहरू सञ्चालन गर्नुहोस्। सूचना प्रवाह गर्न र बाल शोषण सम्बन्धी सामाजिक मनोवृत्ति परिवर्तन गर्न पार्टीका संरचना र मञ्चहरूको उपप्रयोग गर्नुहोस्। |
| • विश्वव्यापी रूपमा बालश्रम उन्मूलन गर्ने उद्देश्यले अन्तर्राष्ट्रिय सम्झौताहरूको पालना गरेर राजनीतिक प्रतिबद्धताहरू प्रदर्शन गरिएको छ। अन्तर्राष्ट्रिय सङ्गठनहरूसँगको सहकार्यात्मक प्रयासहरूले साझा स्रोत र विशेषज्ञतालाई अझ प्रभावकारी प्रतिक्रियाको लागि प्रयोग गर्ने प्रतिबद्धता जरुरी छ। | • नागरिक समाज संगठनहरू, गैर सरकारी संस्थाहरू, बाल अधिकारकर्मीहरू र बाल क्लबहरूसँग साझेदारी गर्नुहोस्। सामूहिक र समन्वित दृष्टिकोण सुनिश्चित गर्दै बालश्रम उन्मूलन गर्ने उद्देश्यका प्रयासहरूमा सहकार्य गर्नुहोस्। |

| | |
|---|---|
| • आर्थिक स्रोतको बाँडफाँड राजनीतिक प्रतिबद्धताको मूर्त अभिव्यक्ति हो। सरकारले शिक्षा, सामाज कल्याण र गरिबी निवारणमा केन्द्रित कार्यक्रमहरूको लागि बजेट विनियोजन गरेको छ, तर बालश्रम उन्मूलनको लागि पर्याप्त छैन। यसमा थप प्रतिबद्धता जरुरी छ। | • बालश्रम अन्त्य गर्ने प्रतिबद्धतालाई पार्टीको सामाजिक र कल्याणकारी कार्यक्रमहरूमा समावेश गर्नुहोस्। गरिबी कम गर्ने प्रयासहरूलाई समर्थन गर्नुहोस्। |
| • स्रोतको यथोचित बाँडफाँड र प्रभावकारी कार्यान्वयनमा राजनीतिक नेतृत्वको प्रतिबद्धता जरुरी छ। | • शैक्षिक पूर्वाधार, शिक्षक तालिम र सुलभतामा लगानी बढाउन वकालत गर्दै पार्टी नीतिहरूमा शिक्षालाई प्राथमिकता दिनुहोस्। |
| • पार्टीको घोषणापत्रमा बालश्रम उन्मूलन गर्ने प्रतिबद्धताहरू स्पष्ट रूपमा समावेश गर्नुहोस्। शिक्षाको महत्व र बालबालिकाको अधिकारको संरक्षणमा जोड दिदै बालश्रम सम्बन्धी पार्टीको अडानलाई स्पष्ट रूपमा प्रस्तुत गर्नुहोस्। | • बालश्रम उन्मूलन सहित श्रमिकको अधिकारको वकालत गर्ने आफ्ना शुभेच्छुक ट्रेड युनियनहरूको परिचालन र उनीहरूको कार्यक्रममा समर्थन र संलग्न हुने। श्रम नीति सम्बन्धी छलफल र वार्तामा पार्टीका सदस्यहरूको सक्रिय सहभागिता सुनिश्चित गर्ने। |

| | |
|---|---|
| • बालश्रमलाई सम्बोधन गर्ने बलियो कानुन र नीतिहरूको विकासको लागि वकालत र समर्थन गर्नुहोस् । संसदीय छलफलमा संलग्न भई बालश्रम निषेध गर्ने कानुनको कार्यान्वयन र कार्यान्वयनको दिशामा काम गर्नुहोस् । | • बालश्रमलाई अनजानमा समर्थन वा सहने छैन भनेर सुनिश्चित गर्न पार्टी संरचना भित्र नियमित परीक्षणहरू लागू गर्नुहोस् । पार्टी गतिविधिहरूमा बालश्रमका कुनै पनि घटनाहरूलाई सम्बोधन गर्न रिपोर्टिङ संयन्त्रहरू स्थापना गर्नुहोस् । |
| • पार्टी सदस्यहरूको बालश्रम समस्याहरूसँग उनीहरूको बुझाइ बढाउनका लागि प्रशिक्षण, परीक्षण र सचेतनाका कार्यक्रमहरू आयोजना गर्नुहोस् । | • बालश्रम विरुद्धको वकालत गर्न पार्टीभित्रका युवाहरूलाई नेतृत्वदायी भूमिका खेल्न सशक्त बनाउनुहोस् । उनीहरूलाई बाल अधिकारमा केन्द्रित सचेतना अभियान, कार्यशाला र सामुदायिक परिचालनका कार्यक्रमहरू आयोजना गर्न प्रोत्साहित गर्नुहोस् । |
| | • सीमान्तकृत समुदायहरूले सामना गरिरहेका चुनौतीहरूलाई विशेष रूपमा सम्बोधन गर्ने नीतिहरू विकास र समर्थन गर्नुहोस् । लिङ्गमा आधारित भेदभाव, जातीय असमानता र क्षेत्रीय असमानता जस्ता कारकहरूलाई स्वीकार गरी कम गर्नुहोस् । |

### ४.३. जन संगठनहरूको परिचालन

नेपालमा बालश्रम उन्मूलन गर्ने सशक्त प्रयासमा राजनीतिक दलभित्रका भ्रातृ संस्थाहरूको महत्वपूर्ण भूमिकालाई नकार्न सकिदैन । नेपालको सांस्कृतिक र सामाजिक, राजनीतिक संरचनामा गहिरो रूपमा गाँसिएका यी संस्थाहरूले देशभित्र बालश्रमका सूक्ष्म चुनौतीहरूलाई सम्बोधन गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छन् । भ्रातृ संस्थाहरूले स्थानीय स्तरमा पैरवीको महत्वपूर्ण हिस्साका रूपमा आफ्नो समुदायहरूको विशिष्ट सरोकारहरू उठाउँदै अभियानहरू सञ्चालन गर्न सक्छन् । नीति निर्माण प्रयासहरूमा सक्रिय रूपमा संलग्न भई उनीहरूले नीतिहरू बलियो मात्र नभएर नेपालका विभिन्न क्षेत्रहरूका विभिन्न आवश्यकताहरूप्रति संवेदनशील हुने कुरा सुनिश्चित गर्न भूमिका निर्वाह सक्छन् । उनीहरूसँग आबद्ध जीवन्त युवा पङ्क्तिहरूको ऊर्जा प्रयोग गर्दै संगठनहरूमा परिवर्तनको संबाहक हुन सक्ने क्षमता र सम्भावना दुबै हुन्छ । भ्रातृ संस्थाहरूले युवा नेतृत्वहरूलाई सशक्तीकरण गरेर बालश्रमको जरालाई ध्वस्त पार्ने, शिक्षा र सामाजिक परिवर्तनको लागि प्रतिबद्ध पुस्तालाई बढावा दिनमा केन्द्रित प्रयासहरूको नेतृत्व गर्न सक्छन् ।

भ्रातृ संस्थाहरूले स्थानीय गैरसरकारी संस्था र सामुदायिक समूहहरूसँग सम्बन्ध सुदृढ गरी बालश्रमका जटिल चुनौतीहरूलाई प्रभावकारी रूपमा सम्बोधन गर्न सक्छन् । साथै आफ्नो स्थानीय सरकार र निर्वाचन क्षेत्रको सामाजिक आर्थिक उत्थानमा योगदान पुर्याउन सक्छन् । राजनीतिक प्रभावको पृष्ठभूमिमा भ्रातृ संस्थाहरूले सीमान्तकृत समुदायहरूले सामना गर्ने चुनौतीहरूलाई स्पष्ट रूपमा सम्बोधन गर्ने नीतिहरूको वकालत गर्न सक्छन् । लैङ्गिक संवेदनशील दृष्टिकोणहरू अगुवाइ गर्दै बालश्रम विरुद्धको लडाई व्यापक र समावेशी बनाउन भूमिका

निर्वाह गर्छन् । साथै समग्र शैक्षिक दृष्टिकोण प्रवर्द्धन, सुधारिएको पूर्वाधार, शिक्षक प्रशिक्षण र शैक्षिक स्तरहरूको वकालत गर्दै शैक्षिक परिदृश्यलाई बदल्न सक्छन् ।

राजनीतिक सक्रियताको सार सामुदायिक संलग्नतामा निहित छ र भ्रातृ संस्थाहरूले सक्रिय सामुदायिक सहभागितालाई प्राथमिकता दिएर बालश्रम विरुद्ध समुदायद्वारा सञ्चालित समाधानहरूमा अर्थपूर्ण रूपमा योगदान गर्न पार्टी सदस्यहरूलाई सशक्त बनाउँछन् । अनुकूल शैक्षिक अवसरहरू सिर्जना गर्ने नीतिहरूलाई जोड दिदै तिनीहरूले शिक्षालाई व्यक्तिगत विकास र समग्र सामुदायिक विकासको लागि उत्प्रेरकको रूपमा भूमिका खेल्न सक्छन् । यी रणनीतिहरूलाई आत्मसात गर्दै भ्रातृ संस्थाहरू परिवर्तनका पक्षधर मात्र होइनन्, नेपालको हरेक बालबालिका शोषणकारी श्रमको बन्धनबाट मुक्त हुने र समतामूलक समृद्धिको जग बसालिएको भविष्यका शिल्पकार बन्छन् ।

## ४.४ संसदीय क्षेत्रको परिचालन

नेपालका राजनीतिक दलहरूले बालश्रमको मुद्दालाई व्यापक रूपमा सम्बोधन गर्न र विरुद्ध लड्नका लागि संघीय, प्रादेशिक र स्थानीय सरकारका सबै तहमा आफ्ना निर्वाचित प्रतिनिधिहरूलाई परिचालन गर्न महत्वपूर्ण प्रभाव पार्छन् । संघीय स्तरमा राजनीतिक दलहरूले बालश्रम उन्मूलनलाई आफ्नो एजेण्डा र घोषणापत्रमा प्रमुख रूपमा समावेश गरेर मात्र नभई विधायिकी प्रयासहरूको अगुवाइ गरेर पनि सक्रिय अडान लिन सक्छन् । विशेष गरी बालश्रमलाई लक्षित गर्ने कानुनको निर्माण र संशोधनको वकालत गर्ने, अन्तर्राष्ट्रिय

मापदण्डहरूसँग मिलाउने र विश्वव्यापी रूपमा बालश्रम उन्मूलन गर्ने नेपालको प्रतिबद्धतालाई सुदृढ गर्ने भूमिका निर्वाह गर्न सक्छन् ।

साथै, संघीय स्तरमा राजनीतिक दलहरूले विशेष गरी बालश्रम विरुद्धको पहलका लागि छुट्याइएको बजेट विनियोजनमा नेतृत्व गर्न सक्छन् । बजेट छलफलमा सक्रिय रूपमा सहभागी भई उनीहरूले बालश्रमका मूल कारणहरू गरिबी, शिक्षा र सामाजिक रूपान्तरणलाई सम्बोधन गर्ने कार्यक्रमहरूतर्फ स्रोतहरूको सुनिश्चित गर्न सक्छन् ।

राजनीतिक दलहरूले प्रादेशिक नीतिहरू फराकिलो राष्ट्रिय उद्देश्यहरूसँग मिल्ने सुनिश्चित गर्न महत्वपूर्ण भूमिका खेल्न सक्छन् । निर्बाध र समन्वयात्मक दृष्टिकोण निर्माण गर्न संघ र प्रदेशका प्रतिनिधिहरू बीचको आवश्यक समन्वय गर्ने उनीहरूको भूमिका हुन्छ । स्थानीय स्तरका प्रयासहरूका लागि वकालत, समुदायहरूसँग संलग्नता, र लक्षित कार्यक्रमहरू कार्यान्वयन गर्न प्रदेश स्तरीय प्रतिनिधिहरूको समर्थन महत्वपूर्ण छन् । राजनीतिक दलहरूले प्रदेश स्तरीय प्रतिनिधिहरूका लागि क्षमता अभिवृद्धि कार्यक्रमहरूलाई सहजीकरण गर्न सक्छन् । यसरी उनीहरू आफ्नो क्षेत्राधिकारभित्र रहेका जटिल चुनौतिहरूलाई सम्बोधन गर्न सक्षम हुनेछन् ।

स्थानीय स्तरमा जनप्रतिनिधिहरूले सामुदायिक संलग्नता बालश्रम विरुद्धको लडाईको केन्द्रीय भूमिकामा रहन सक्छन्, बिन्दु बन्न पुग्छ । राजनीतिक दलहरूले स्थानीय प्रतिनिधिहरूलाई बालश्रमबाट प्रभावित समुदायहरूसँग प्रत्यक्ष अन्तरक्रिया गर्न, आवश्यकता मूल्याङ्कन गर्न र स्थानीय चुनौतीहरूको आधारमा आवश्यक कार्यक्रम तर्जुमा गर्न सक्छन् । स्थानीय संस्थाहरूसँग सहकार्यात्मक साझेदारी स्थापना

गरी अन्तर्राष्ट्रिय साझेदारीको लाभ उठाएर आवश्यक समन्वयात्मक भूमिकालाई थप समृद्ध बनाउन सक्छन् । यी प्रयासहरूलाई थप वृद्धि गर्न, राजनीतिक दलहरूले समावेश गर्ने कार्य योजनाहरू स्थापना गर्न सक्छन् :

**युवा सशक्तीकरण र तालिम** : युवा पङ्क्तिहरूलाई उनीहरूका समुदायहरूमा शिक्षा र बाल अधिकारका लागि वकालत गर्दै सचेतना अभियान र सामुदायिक पहुँच कार्यक्रमहरूको नेतृत्व गर्न सशक्त बनाउने पहलहरू । सबै तहका निर्वाचित प्रतिनिधिहरूका लागि क्षमता अभिवृद्धि कार्यक्रमहरू, उनीहरूलाई आवश्यक ज्ञान र सीपहरू प्रदान गरी बालश्रम उन्मूलनमा सक्रिय रूपमा योगदान पुर्‍याउने ।

**पैरवीका मञ्चहरू** : पैरवीका विभिन्न फोरमहरू सिर्जना गर्दै जसले विभिन्न तहका सरकार, नागरिक समाज र अन्तर्राष्ट्रिय संस्थाहरूका प्रतिनिधिहरूलाई रणनीतिक छलफल गर्न र उचित कार्यक्रम सञ्चालन उत्प्रेरित गर्न सक्छन् ।

**नीतिहरूको समीक्षा** : विद्यमान नीतिहरूको आवधिक समीक्षाहरू र तिनीहरूको प्रभावकारिता सुनिश्चित गर्न जनप्रतिनिधिहरूले विकसित चुनौती र अवसरहरूमा आधारित परिमार्जन वा सुदृढ गर्न प्रतिबद्धताका साथ लाग्न सक्छन् ।

यी रणनीतिहरू अपनाएर र कार्ययोग्य योजनाहरू समावेश गरी राजनीतिक दलहरूले बालश्रम अन्त्य गर्ने प्रतिबद्धता देखाउन सक्छन् र जसबाट सरकारका सबै तहहरूमा दिगो र प्रभावकारी प्रयासहरूको लागि आवश्यक खाका तयार गर्न सक्छन् ।

## ४.५. स्थानीय विकास र परिचालन

नेपालमा बालश्रम विरुद्धको स्थानीय विकासका प्रयासहरू समुदाय स्तरमा सञ्चालित रणनीतिहरूमा आधारित हुनुपर्छ। सामुदायिक स्तरमा व्यापक सचेतना कार्यक्रमहरू महत्वपूर्ण छन्, जसले अभिभावक र समुदायका सदस्यहरूलाई बालश्रमका गम्भीर प्रभावहरूबारे शिक्षा दिदै शिक्षाको महत्वपूर्ण भूमिकालाई जोड दिन्छन् । स्थानीय अगुवाहरू, सामुदायिक संस्थाहरू र धार्मिक संस्थाहरूसँगको सहकार्यले बालश्रम विरुद्धको संयुक्त मोर्चाको मेरुदण्ड निर्माण गर्न सक्छ । बालश्रमलाई सम्बोधन गर्न समर्पित स्थानीय समिति र कार्यदलहरूको स्थापनाले केन्द्रित प्रयासहरूको सुनिश्चित गर्दछ ।

शिक्षालाई प्रत्येक बालबालिकाको मौलिक अधिकारको रूपमा प्राथमिकता दिनु अनिवार्य छ । यसमा छात्रवृत्ति कार्यक्रमहरू लागू गर्ने, विद्यालयको पूर्वाधारको स्तरोन्नति गर्ने र विद्यालय प्रशासनमा समुदायलाई सक्रिय रूपमा संलग्न गराउने आदि हुन सक्छन् । साथसाथै, वयस्क र किशोर किशोरीलाई लक्षित गर्ने सीप विकास प्रयासहरूले बालश्रममा निम्त्याउने आर्थिक कमजोरीहरूलाई कम गर्दै रोजगारीमा वृद्धि गर्ने लक्ष्य राख्छन् । व्यावसायिक तालिम केन्द्रहरू र गैरसरकारी संस्थाहरूसँगको सहकार्यले समुदायका सदस्यहरूले सान्दर्भिक सीपहरू प्राप्त गरेको सुनिश्चित गर्दछ ।

यसरी मूल कारणहरूलाई सम्बोधन गर्दै सञ्चालित गरिबी निवारण कार्यक्रमहरूले जोखिममा परेका परिवारहरूलाई लक्षित गर्दै, आर्थिक सहयोग, रोजगारी तालिम, र आम्दानी सिर्जना गर्ने गतिविधिहरूको लागि बल प्रदान गर्दछ। कानुनी साक्षरता कार्यक्रमहरूले समुदायहरूलाई बालश्रम कानुनहरूबारे जानकारी गराउन, सशक्त स्थानीय नीति

नियमहरूको वकालत गर्ने र तिनीहरूको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न महत्वपूर्ण भूमिका खल्छ। समुदायमा आधारित अनुगमन प्रणाली र प्रतिवेदन संयन्त्रको स्थापनाले समुदायहरूलाई बालश्रमका घटनाहरूलाई तुरुन्तै पहिचान गर्न र सम्बोधन गर्न सक्षम बनाउँछ। यसले बहुआयामिक र समुदायमा आधारित दृष्टिकोण मार्फत, स्थानीय विकास, बालश्रमको अन्त्य गर्न र प्रत्येक बालबालिकाले फस्टाउन सक्ने भविष्य सिर्जना गर्न एक शक्तिशाली संरचना बन्छ।

**बालश्रम अन्त्य गर्न स्थानीय विकास र परिचालन गर्न बहुआयामिक र समुदामा आधारित दृष्टिकोण आवश्यक छ। यहाँ स्थानीय स्तरमा बालश्रमलाई सम्बोधन गर्न मुख्य रणनीति र दृष्टिकोणहरू छन् :**

- आमाबाबु, अभिभावक र समुदायका सदस्यहरूलाई बालश्रमका हानिकारक प्रभावहरूको बारेमा शिक्षित गर्न समुदायहरूमा व्यापक सचेतना कार्यक्रमहरू सञ्चालन गर्ने।
- शिक्षाको महत्वलाई जोड दिने र उपलब्ध सेवाहरूको बारेमा जागरूकता सिर्जना गर्ने।
- स्थानीय नेताहरू, सामुदायिक संस्थाहरू र धार्मिक संस्थाहरूसँग मिलेर बालश्रम विरुद्ध संयुक्त मोर्चा सिर्जना गर्ने।
- बालश्रमका मुद्दाहरूलाई विशेष रूपमा सम्बोधन गर्न स्थानीय समितिहरू वा कार्यदलहरू स्थापना गर्ने।
- शिक्षालाई प्रत्येक बालबालिकाको मौलिक अधिकारको रूपमा प्राथमिकता दिने र गुणस्तरीय शिक्षालाई सबैका लागि पहुँचयोग्य बनाउने दिशामा काम गर्ने।

- छात्रवृत्ति कार्यक्रमहरू लागू गर्ने, विद्यालय पूर्वाधार निर्माण वा स्तरोन्नति गर्ने र विद्यालय शासनमा समुदायको संलग्नतालाई बढावा दिने ।
- बालश्रमका लागि आर्थिक आवश्यकतालाई कम गर्दै, उनीहरूको रोजगारी बढाउनका लागि वयस्क र किशोर किशोरीहरूको लागि सीप विकास कार्यक्रमहरू लागू गर्ने ।
- सामुदायिक सदस्यहरूलाई सान्दर्भिक सीपहरू प्रदान गर्न व्यावसायिक प्रशिक्षण केन्द्रहरू र गैरसरकारी संस्थाहरूसँग सहकार्य गर्ने ।
- बालश्रमका मूल कारणहरूलाई सम्बोधन गर्दै कमजोर परिवार हरूलाई लक्षित गरि गरिबी उन्मूलन कार्यक्रमहरू लागू गर्ने ।
- आर्थिक अवस्था उकास्न आर्थिक सहयोग, रोजगारी तालिम र आम्दानी गर्ने गतिविधिहरूको लागि समर्थन प्रदान गर्ने ।
- बालश्रम विरुद्ध बलियो स्थानीय कानुन र नियमहरूको वकालत गर्ने र तिनीहरूको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने ।
- बालश्रमका घटनाहरू पहिचान गर्न र रिपोर्ट गर्न समुदायमा आधारित अनुगमन प्रणालीहरू स्थापना गर्ने ।
- सामुदायिक सदस्यहरूलाई कुनै पनि संदिग्ध घटनाहरू रिपोर्ट गर्न र हस्तक्षेपको लागि उत्तरदायी संयन्त्र सुनिश्चित गर्न प्रोत्साहित गर्ने ।
- बालबालिकाहरूले सामना गर्ने जटिल चुनौतीहरूलाई ध्यानमा राख्दै बालश्रमका लैङ्गिक पक्षहरूलाई सम्बोधन गर्ने ।

- स्थानीय व्यवसायहरूसँग संलग्न हुने ताकि उनीहरूले नैतिक श्रम अभ्यासहरू पालना गरुन् र कम उमेरका कामदारहरूलाई काममा नदिने वातावरण सिर्जना होस् ।
- सामुदायिक विकास प्रयासहरू र शिक्षा कार्यक्रमहरूलाई समर्थन गर्न व्यवसायीहरूलाई प्रोत्साहन गर्ने ।
- बालश्रम उन्मूलन गर्ने उद्देश्यले सचेतना अभियान र सामुदायिक परियोजनाहरूमा युवाहरूलाई समावेश गर्ने ।
- युवा नेताहरूलाई उनीहरूको समुदायमा शिक्षा र बालश्रमको रोकथामका लागि वकालत गर्न सशक्त बनाउने ।
- बालश्रमबाट उद्धार गरिएका बालबालिकाको शिक्षा, मनोसामाजिक सहयोग र समुदायमा एकीकरणमा ध्यान केन्द्रित गर्दै पुनर्स्थापना कार्यक्रमहरू विकास गर्ने ।
- बालश्रमका मुद्दाहरूबारे छलफल गर्न, सफलताका कथाहरू साझा गर्न र सामूहिक रूपमा चुनौतीहरूलाई सम्बोधन गर्न नियमित सामुदायिक मञ्चहरू व्यवस्थित गर्ने ।
- समुदायका सदस्यहरूबीच खुला संवाद र सहकार्यलाई प्रोत्साहन दिने ।
- स्रोत र विशेषज्ञताको उपयोग गर्न स्थानीय सरकारी निकायहरू र गैर सरकारी संस्थाहरूसँगको सहकार्यलाई बढावा दिने ।

यी दृष्टिकोणहरूलाई संयोजन गरेर र तिनीहरूलाई प्रत्येक समुदायको विशिष्ट आवश्यकता र सन्दर्भमा स्थानीय विकास र परिचालनका प्रयासहरूले बालश्रम अन्त्य गर्न महत्वपूर्ण प्रगति गर्न सकिन्छ, यी

प्रयासहरूको सफलता र दिगोपनका लागि समुदायका सदस्यहरूको संलग्नता र प्रतिबद्धता आवश्यक पर्दछ ।

## ५. बालश्रम निवारणमा स्थानीय, प्रदेश तथा संघीयतहमा आवश्यक नीति तथा कार्यक्रमहरू

नेपालको संविधान, कानुन, अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूलाई कार्यान्वयन गर्ने सन्दर्भमा 'बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरु योजना (२०७५-२०८५)' ले नेपालका संघीय, प्रादेशिक र स्थानीय सरकारहरूलाई प्रभावकारी रूपमा बालश्रम विरुद्ध लड्नका लागि रणनीतिक रूपरेखा प्रस्तुत गरेको छ । यसले बालश्रमको मूल कारण र परिणामहरूलाई सम्बोधन गर्न बहुआयामिक र सहयोगात्मक दृष्टिकोणलाई जोड दिन्छ । यस गुरु योजनामा सरकारका प्रत्येक तहका लागि एकीकृत वित्तीय, नीति र कार्यक्रमगत सिफारिसहरू छन् ।

### क. संघीय तह

गुरुयोजना कार्यान्वयन गर्ने प्रमुख जिम्मेवारी श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको हुनेछ । गुरुयोजना कार्यान्वयनमा प्रत्यक्ष रूपमा संलग्न हुने मन्त्रालयहरूमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक, शिक्षा, विज्ञान तथा प्रविधि, संघीय मामला तथा सामान्य प्रशासन, स्वास्थ्य तथा जनसंख्या, सञ्चार तथा सूचना प्रविधि, परराष्ट्र, कृषि तथा पशुपन्छी विकास, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण रहेका छन् । यसका अतिरिक्त केन्द्रीय निकायहरूमा राष्ट्रिय मानव अधिकार आयोग, योजना आयोग र राष्ट्रिय बाल अधिकार परिषद् पनि पर्दछन् । संघीय तहका निकायहरूले आफ्नो नीति, कानुन

एवं कार्यक्रमहरूमा बालश्रम निवारणको विषय मूलप्रावाहीकरण गरी बालमैत्री बनाउनेछन् । यी निकायहरूले बालश्रम निवारणलाई प्राथमिकता दिई यो गुरुयोजनाको कार्यान्वयनमा सघाउ पुऱ्याउने गरी आ-आफ्नो कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गर्नेछन् ।

## नीति संरचना र विधान

- बालश्रम सम्बन्धी नीतिहरूको समीक्षा र सुधारका लागि अन्तर्राष्ट्रिय मापदण्डहरू अनुरूप रकम विनियोजन गर्ने । विशेष गरी बालश्रम लक्षित कानुनको विकास र संशोधनमा लगानी गर्ने ।
- बालश्रम विरुद्ध बलियो कानुनी ढाँचा सुनिश्चित गर्दै आवश्यक कानुनको तर्जुमा र परिमार्जनको लागि प्रदेश र स्थानीय तहलाई आवश्यक सहयोग र सहजीकरण गर्ने ।
- बालश्रम सम्बन्धी राष्ट्रिय गुरु योजनाको विकास र परिमार्जनको नेतृत्व गर्दै यसलाई संघीय नीति तथा योजनाहरूसँग तालमेल गराउने । यस्ता योजनाले विभिन्न क्षेत्र र समुदायहरूले सामना गरेका विशिष्ट चुनौतीहरूलाई सम्बोधन गर्दै बहु आयामिक दृष्टिकोण समावेश गर्दछ ।

## अनुसन्धान र तथ्याङ्क सङ्कलन

- बालश्रमको बढी घनत्व र प्रवृत्तिहरू पहिचान गर्न राष्ट्रव्यापी बालश्रम नक्साङ्कन गर्नका लागि आवश्यक स्रोत साधनहरू विनियोजन गर्ने ।
- बालश्रमको व्यापकता र स्वरूपहरूबारे विस्तृत तथ्याङ्क सङ्कलन गर्न कोष नियमित सर्वेक्षणहरू गराउने ।

- बालश्रमको व्यापकता र प्रकृतिबारे तथ्याङ्क सङ्कलन गर्न अनुसन्धानमा पहलकदमी लिने । सरकारका नीति तथा कार्यक्रमहरूको प्रभावकारिताको नियमित रूपमा मूल्याङ्कन तथ्याङ्क र प्रमाणमा आधारिमा रणनीतिहरूको निर्माण र परिमार्जन गर्ने ।

## क्षमता विकास कार्यक्रम

- कानुन प्रवर्द्धन एजेन्सीहरू, सरकारी अधिकारीहरू र सरोकारवालाहरूका लागि प्रशिक्षण कार्यशालाहरूको लागि रकम विनियोजन गर्ने ।

- बाल संरक्षणमा संलग्न जनशक्ति र सरोकारवालाहरूको सीप अभिवृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गर्ने ।

- स्रोतको यथोचित विनियोजन र प्रभावकारी रूपमा कार्यान्वयन गर्न पर्याप्त आवश्यक समन्वय गर्ने । जसमा सचेतना अभियानहरू, शैक्षिक कार्यक्रमहरू र कमजोर परिवारहरूलाई लक्षित गरी गरिबी उन्मूलनका पहलहरूको लागि कोषको व्यवस्था गर्ने ।

## अन्तर्राष्ट्रिय सहयोग र समन्वय

- बालश्रमको सफलतापूर्वक सामना गर्ने देशहरूसँग आदान प्रदान कार्यक्रमहरूको लागि आवश्यक स्रोतहरू जुटाउने वा छुट्याउने ।

- विश्वव्यापी उन्मूलनका लागि रणनीतिहरू लागू गर्न अन्तर्राष्ट्रिय संगठनहरूसँग संयुक्त रूपमा पहलकदमी लिनको लागि आवश्यक समन्वय र सहकार्य गर्ने ।

- विशेषज्ञताको लाभ लिन, उत्कृष्ट अभ्यासहरू आदान प्रदान गर्ने र बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरु योजनाको कार्यान्वयन बढाउन सक्ने स्रोतहरूमा पहुँच कायम गर्न अन्तर्राष्ट्रिय संस्थाहरूसँग सहकार्य गर्ने ।

## ख. प्रदेश तह

बालश्रम निवारण गर्न प्रदेश सरकारको समेत महत्वपूर्ण जिम्मेवारी एवं भूमिका हुनेछ । यो गुरुयोजनाको सफल कार्यान्वयका लागि प्रदेशका सम्बन्धित मन्त्रालयले बालश्रम निवारण सम्बन्धमा अनुगमन, नीतिगत निर्देशन र आचार संहिताको प्रभावकारी कार्यान्वयन गर्नेछन् । प्रदेश तहबाट बालश्रम निवारण सम्बन्धी कार्यक्रम, नीति एवं कानुन विपरीत नहुने गरी बालश्रम निवारण सम्बन्धमा आवश्यकता अनुसार नीतिगत, कानुनी एवं संस्थागत व्यवस्था हुन सक्नेछ ।

## नीतिगत सुधार र सशक्तीकरण कार्यक्रम

- प्रत्येक प्रदेशको विशिष्ट गतिशीलतामा राष्ट्रिय नीतिहरू अनुकूलन गर्न आवश्यक स्रोत साधानको विनियोजन गर्ने ।
- प्रदेश विशेष बालश्रम चुनौतीहरूलाई सम्बोधन गर्ने स्थानीय नवप्रवर्तनहरूलाई प्रोत्साहन गर्न अनुदान कार्यक्रमहरू स्थापना गर्ने ।
- बाल अधिकारमा केन्द्रित स्थानीय समुदायमा आधारित संस्थाहरूलाई सहयोग र आवश्यक स्रोतहरूको विनियोजन गर्ने ।
- प्रदेश स्तरका राजनीतिक नेताहरूलाई बालश्रम विरोधी अभियानहरूको नेतृत्व गर्न सशक्त बनाउन प्रशिक्षण कार्यक्रमहरू गर्ने ।

## क्षमता अभिवृद्धि र सामुदायिक संलग्नता

- बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरु योजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न प्रादेशिक निकायहरू र स्थानीय निकायहरूको क्षमता निर्माण गर्ने । यसमा कानुन प्रवर्तन, शिक्षा अधिकारीहरू र सामाजिक कार्यकर्ताहरूका लागि प्रशिक्षण कार्यक्रमहरू समावेश गर्ने ।

- नेपाल सरकारका बालश्रम विरुद्धका प्रयासहरूको कार्यान्वयनमा समुदायहरूलाई सामेल गर्ने । सामुदायिक संलग्नता कार्यक्रमहरूलाई सहजीकरण गर्दै प्रदेश र स्थानीय तहमा बालश्रम उन्मूलन गर्न स्वामित्व र जिम्मेवारीको भावना जगाउने ।

- प्रगतिको मापन गर्न, चुनौतीहरू पहिचान गर्न र समयमै हस्तक्षेप सुनिश्चित गर्न प्रदेश स्तरीय अनुगमन संयन्त्रहरूको स्थापना र सुदृढ गर्ने । बालश्रमका घटनाहरूलाई तुरुन्तै सम्बोधन गर्न समुदायहरूबाट रिपोर्टिङलाई प्रोत्साहन गर्न सचेतना फैलाउने ।

## आमसञ्चार माध्यमको संलग्नता

- बालश्रम सम्बन्धी सूचना प्रवाह गर्न स्थानीय आमसञ्चार माध्यमलाई संलग्न गराउन पत्रकारहरूसँग कार्यशालाहरूको आयोजना गर्ने ।

- बालश्रम विरुद्ध लड्ने समुदायहरूको सफलताका कथाहरू जनसमक्ष पुऱ्याउन आमसञ्चारका माध्यमहरूको उपयोग गर्ने ।

- संघीय सरकारका रणनीतिहरूलाई स्थानीयकरण गर्न प्रत्येक प्रदेशको विशेष आवश्यकताहरू अनुरूप समायोजन वा तर्जुमा गर्ने । बालश्रम व्याप्त क्षेत्रहरूको भिन्नताहरू र बालश्रमलाई प्रभाव पार्ने आर्थिक कारकहरूको विश्लेषण गर्ने ।

## ग. स्थानीय तह

बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरु योजना कार्यान्वयन गरी नेपालबाट बालश्रम अन्य गर्न स्थानीय तहको भूमिका गहन छ । घरपरिवारदेखि उद्योग प्रतिष्ठानसम्म बालश्रम भए नभएको अनुगमन गर्ने, बालश्रम निवारणका कार्यक्रम सञ्चालन गर्ने र स्थानीय स्तरमा चेतना अभिवृद्धि गर्ने सम्मको जिम्मेवारी स्थानीय तहको हुन्छ ।

## नीतिगत सुधार र सशक्तीकरण कार्यक्रम

- सरकारको प्रत्येक तहमा वित्तीय, नीति र कार्यक्रमगत तत्वहरूलाई एकीकृत गरेर, नेपाल सरकारको लक्ष्य अनुरूप बालश्रम उन्मूलन गर्न समग्र र समन्वित प्रयास गर्ने । यी रणनीतिहरूको सफल कार्यान्वयन सुनिश्चित गर्न र पालिकाका विभिन्न तहहरूमा बालश्रमसँग सम्बन्धित जटिलताहरूलाई सम्बोधन गर्न आवश्यक कोषको विनियोजन गर्ने ।
- गुणस्तरीय शिक्षाको लागि स्रोतहरू सुनिश्चित गर्दै, पिछडिएका क्षेत्रहरूमा विद्यालयहरूलाई सहयोग गर्न आवश्यक स्रोत विनियोजन गर्ने ।
- स्थानीय तहमा युवा नेतृत्व तालिम कार्यक्रमका लागि स्रोतको विनियोजन गर्ने ।
- गुणस्तरीय शिक्षामा बालबालिकाको पहुँच सुनिश्चित गर्दै स्थानीय स्तरमा शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्ने । शिक्षामा रहेका अवरोधहरू हटाउन विद्यालय र समुदायहरूसँग सहकार्य गर्ने ।

## साझेदारी विकास

- स्थानीय व्यवसायहरूलाई बालश्रम मुक्त आपूर्ति श्रृङ्खलाहरू सिर्जना गर्ने उद्देश्यले व्यावसायिक संलग्नता कार्यक्रमहरूमा भाग लिन प्रोत्साहन दिने ।
- सामुदायिक विकास परियोजनाहरूमा लगानी गर्ने व्यवसायहरूसँग व्यावसायिक, सामाजिक उत्तरदायित्व ९ऋक्च० पहलहरूको लागि वकालत गर्ने र आवश्यक सहजीकरण गरिदिने ।
- स्थानीय मिडिया र सामुदायिक मञ्चहरू मार्फत बालश्रम विरुद्ध युवा नेतृत्वको अभियानलाई सहजीकरण गर्ने ।
- संघीय र प्रदेश सरकारका पहलहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न स्थानीय गैरसरकारी संस्थाहरूसँग सहकार्य गर्ने । बालश्रम उन्मूलनका लक्ष्यहरू प्राप्त गर्न स्रोतहरू, विशेषज्ञता साझेदारी र समन्वयका प्रयासहरू जारी राख्ने ।

## सामाजिक रूपान्तरण अभियानहरू

- जोखिममा परेका परिवारहरूलाई आर्थिक र सामाजिक सहायता प्रदान गर्ने पारिवारिक सहयोग कार्यक्रमहरूको लागि रकम विनियोजन गर्ने ।
- स्थानीय प्राथमिकताहरूमा आधारित समुदायद्वारा सञ्चालित प्रयासहरूका लागि आवश्यक वातावरण तयार गर्ने । प्रत्येक वडाहरूको विशेष सांस्कृतिक र आर्थिक परिप्रेक्ष्यमा कार्यक्रमहरू तयार गर्ने ।

- रोजगारी अभिवृद्धि र बालश्रममा योगदान गर्ने आर्थिक कमजोरीहरूलाई कम गर्नमा ध्यान केन्द्रित गर्दै सीप विकास कार्यक्रमहरूको सञ्चालन गर्ने ।
- बालश्रम विरुद्ध स्थानीयकृत सचेतनाका अभियानहरू सञ्चालन गर्ने र शिक्षाको महत्वलाई जोड दिदै उपलब्ध सेवा सुविधाहरूको बारेमा जानकारी फैलाउने ।

## *DISCLAIMER*

*Funding is provided by the United States Department of Labor under cooperative agreement number IL-37951-21-75-K 100% of the total costs of the project or program is financed with USG federal funds, for a total of 4 million dollars. This material and event do not necessarily reflect the views or policies of the United States Department of Labor, nor does mention of trade names, commercial products, or organizations imply endorsement by the United States Government.*

GLOBAL MARCH
Against Child Labour
Contra el Trabajo Infantil
Contre le Travail des Enfants

for a larger freedom
स्वतन्त्रता अभियान
SWATANTRATA ABHIYAN